सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ जेठ २०८३, बुधबार (20 May 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

न्यायपालिकाको नेतृत्वमा शर्मा



शपथपछि कार्यभार सम्हाल्न सर्वोच्च अदालत पुगेका नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मालाई स्वागत गर्दै न्यायाधीश, मुख्य रजिस्ट्रारलगायतका कर्मचारी। तस्बिर : **दिपेन्द्र ढुंगाना**

■ पदभार ग्रहण गर्दै प्रधानन्यायाधीश शर्माले भने-

न्यायसम्पादन प्रक्रियामा हस्तक्षेप स्वीकार गरिनेछैन

न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्यायसम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिनेछैन। पुराना बक्यौता मुद्दाहरूको शीघ्र फर्स्योटका लागि विशेष कार्ययोजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनेछु। न्यायपरिषद् थप प्रभावकारी र सक्रिय बनाउँदै नियमित रूपमा बैठक बस्ने संस्थागत अभ्यासको विकास गर्नेछु।

कमलराज भट्ट, शिल्पा कर्ण

डा. मनोजकुमार शर्मा सर्वोच्च अदालतको ३३औँ प्रधानन्यायाधीश नियुक्त भएका छन्। संवैधानिक परिषद्को सिफारिसमा मंगलबार सुनुवाइ समितिबाट अनुमोदन भएका शर्मालाई राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा १२९ (२) बमोजिम प्रधानन्यायाधीश नियुक्त गरेका हुन्।

नियुक्तिलगत्तै मंगलबारै राष्ट्रपतिले शीतलनिवासमा शर्मालाई शपथग्रहण पनि गराएका छन्। शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल उपस्थित थिए। न्यायाधीशको वरीयतामा शर्मामाथि रहेका दुई वरिष्ठ न्यायाधीशहरू कुमार रेग्मी र हरिप्रसाद फुयाँल पनि उपस्थित थिए। रेग्मी शर्माको पदभार ग्रहण कार्यक्रममा पनि स्वागतमा सर्वोच्चको गेटमै उपस्थित थिए। तर, कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल भने शपथ तथा पदभार ग्रहण कतै पनि उपस्थित भइनन्। पदभार ग्रहण कार्यक्रममा काठमाडौं उपत्यकाका विभिन्न अदालतमा कार्यरत न्यायाधीशहरू पनि उपस्थित थिए।

संवैधानिक परिषद्मा 'नोट अफ डिसेन्ट', सुनुवाइमा समर्थन

संवैधानिक परिषद्ले २४ वैशाखमा शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरेको थियो। सिफारिसपछि संसदीय सुनुवाइ समितिले उजुरी आह्वान गर्दै १० दिन समय दिएको थियो। ४ जेठसम्म रहेको उजुरीको समयसीमामा १६ वटा उजुरी परेका थिए। सुनुवाइ समितिले ५ जेठमा उजुरी खोल्ने, ६ गते उजुरीकर्तासँग छलफल गर्ने र ७ गते शर्माको सुनुवाइ गर्ने प्रारम्भिक योजना बनाए पनि सर्वोच्च अदालतमा विवादका

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

न्यायालय सुधारका लागि शर्माका यस्ता कार्ययोजना



मेरिटोक्रेसीबाट न्यायाधीश नियुक्ति

अदालतमा कार्यबोझका आधारमा दरबन्दी मिलान

फैसलाको पूर्णपाठ २२ दिनभित्र तयार गर्न सूचना प्रविधिको उपयोग

न्याय प्रशासन ऐनका अवरोध पहिचान गर्न समिति गठन

सूचना प्रविधिमैत्री अदालत, मुद्दाका सुनुवाइको प्रत्यक्ष प्रसारण

अदालतको कामकारबाहीमाथि अनुगमन

■ शपथ र पदभारमा गइनन् न्यायाधीश मल्ल



नवनियुक्त प्रधानन्यायाधीश शर्माको शपथग्रहण समारोह र पदभार ग्रहण कार्यक्रममा कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल भने उपस्थित भइनन्। शपथलगत्तै बेलुका पदभार ग्रहण गर्न सर्वोच्च अदालत पुगेका शर्मालाई न्यायाधीश कुमार रेग्मी र सर्वोच्च प्रशासनका कर्मचारीले गेटमै स्वागत गरे। अन्य न्यायाधीशहरूले पदबहाली गर्दा स्वागत गरे। संवैधानिक परिषद्ले शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि उनी असन्तुष्ट थिइन्। संसदीय सुनुवाइ प्रक्रिया जारी रहेकै वेला सोमबार मात्रै मल्लले शर्माको परिषद्को सिफारिसविरुद्ध परेका रिट दर्ता गर्न समय तोकेरै आदेश गरेकी थिइन्। जसलाई प्रशासनिक अधिकारमाथि हस्तक्षेप भन्दै सर्वोच्चका कर्मचारीले अवज्ञा गरेका थिए।

■ सामुदायिक विद्यालयमा विद्यार्थी संकट

१५ हजार विद्यालयमा सयभन्दा कम विद्यार्थी, गाभ्ने योजनामा मन्त्रालय



शिक्षामन्त्री सस्मित पोखरेल भन्छन्–

कुनै पनि विद्यालयको आफ्नै अस्तित्व र महत्त्व छ, त्यसलाई बन्द गर्नुभन्दा पनि सञ्चालन गर्नीतिर सरकारको ध्यान रहन्छ। तर, न्यून विद्यार्थी भएका विद्यालयका सम्बन्धमा विद्यार्थीलाई असहज नहुने गरी सरकारले आगामी वर्ष सोचविचार गरेर व्यवस्थित बनाउँछ

शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यार्थी संकटले कक्षा रित्तिन थालेपछि हजारौँ सामुदायिक विद्यालय चल्न नसक्ने अवस्थामा पुगेका छन्। १५ हजार सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी रहेको भन्दै शिक्षा मन्त्रालयले ती विद्यालय गाभ्ने योजना बनाउँदै छ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा केही दिनअघि शिक्षा मन्त्रालयका सहसचिव तथा प्रवक्ता शिवकुमार सापकोटाले विद्यार्थी संख्या कम भएका विद्यालयको विषयमा विकल्प सोच्नुपर्ने वेला आएको बताए। 'ती सामुदायिक विद्यालयमा शिक्षक र भौतिक संरचना छन्, तर विद्यार्थी कम भए। यस्तो अवस्थाले खर्च बढी हुन्छ भने शैक्षिक क्रियाकलापका नयाँ-नयाँ कार्यक्रम गर्न पनि कठिन हुन्छ,' उनले भने, 'त्यसकारण आगामी वर्ष विद्यालय मर्ज गर्ने (गाभ्ने) वा अन्य उपाय सोच्नैपर्छ। मन्त्रालयले केही रणनीतिहरू तयार पारेको छ।'

■ कम विद्यार्थी भएकामध्ये १० हजारभन्दा बढी विद्यालय पहाडी र हिमाली जिल्लामा

शिक्षा मन्त्रालयको तथ्यांकअनुसार कम विद्यार्थी भएकामध्ये १० हजारभन्दा बढी विद्यालय पहाडी र हिमाली जिल्लाका छन्। पहाडी जिल्लाको जनसंख्या सहरी तथा तराईका जिल्लामा बसाइँ सरेका कारण त्यस क्षेत्रका विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदै

» पृष्ठ २ मा क्रमशः



■ देशभर २७ हजार २० सामुदायिक विद्यालय, झन्डै ५० लाख विद्यार्थी

एक विद्यार्थीबराबर सरकारले खर्च गर्छ वार्षिक ३० हजार

शिक्षा मन्त्रालयको आँकडाअनुसार सरकारले सामुदायिक विद्यालयमा पढ्ने एक विद्यार्थीमाथि वार्षिक ३० हजार खर्च गर्दै आएको छ। किताब, कापी, खाजादेखि शिक्षकलाई दिएको तलबसम्मलाई भाग गर्दा त्यति खर्च हुने गरेको शिक्षा मन्त्रालयका प्रवक्ता सापकोटाले बताए। 'सरकारले सामुदायिक विद्यालयमा पढ्ने हरेक विद्यार्थीमाथि वार्षिक औसत ३० हजार खर्च गर्छ, तैपनि सामुदायिक विद्यालयको अवस्था र विद्यार्थी आकर्षण सोचेजस्तो हुन सकेको छैन,' उनले भने, 'यसलाई थप प्रभावकारी बनाउन जरुरी छ।' सापकोटाका अनुसार निजी विद्यालयले भने प्रतिविद्यार्थी औसत ८० हजार खर्च गर्छन्। हाल नेपालमा २७ हजार २० सामुदायिक विद्यालय छन्। ती विद्यालयमा झन्डै ५० लाख बालबालिका अध्ययनरत छन्। हाल सरकारले विद्यालय तहमा कार्यरत शिक्षक-कर्मचारी गरी दुई लाख ३२ हजार १०५ जनालाई तलब खुवाएको छ। यसबाहेक निजी स्रोतबाट ३० हजारभन्दा बढी शिक्षक तथा कर्मचारी छन्। हाल बालविकासको अनुभवविना कक्षा १ मा भर्ना हुने विद्यार्थी २२ प्रतिशत छ।

■ उपत्यकाका नदीकिनारबाट हटाइएका सुकुमवासीलाई राहतको घोषणा



एकमुस्ट २५ हजार र तीन महिनासम्म मासिक १५ हजार खर्च दिइने

(विस्तृत पृष्ठ ३)

महालेखाले चौथोपटक भन्यो– उद्योगीबाट विद्युत्को बक्यौता असुल गर्नू

प्रशासकीय पुनरावलोकन ब्युँताउन कानुनविज्ञको राय, बोर्डमा एजेन्डा लैजाने तयारी

(विस्तृत पृष्ठ ५)



■ विद्याको कमब्याकपछि ओली रणनीति

पुनर्गठनको मुद्दा पछाडि धकेल्ने, विकल्पमा वाम एकताको कोर्समा जाने

• सोमबार केन्द्रीय सचिवालय बैठकमा ओलीले समसामयिक परिस्थितिबारे ब्रिफिङ गर्दै अहिले आफूले पद छाड्नुपर्ने कुनै कारण नरहेको भन्दै संस्थागत प्रक्रियाबाहिर गएर अराजक रूपले प्रस्तुत नहुन नेताहरूलाई सचेतसमेत गराएका थिए





शुरोजंग पाण्डे/नयाँ पत्रिका

आफ्नो पक्षमा इतिहासकै कमजोर जनादेश आएपछि ठुला वाम शक्तिबिच पुनः एकताको आधार तयार गर्ने प्रयास सुरु भएको छ। नेकपाले सबै वाम शक्तिबिच एकताका लागि आह्वान गरिसकेको अवस्थामा एमालेले पनि

» पृष्ठ २ मा क्रमशः

■ अब विद्याको भूमिका के ?

पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय भए पनि उनको जिम्मेवारीबारे बैठकमा कुनै पनि छलफल भएको छैन। उनीनिकट नेताहरूले भने पूर्वराष्ट्रपति भइसकेको व्यक्तित्व पदाधिकारी तहको नेता हुने सम्भावना न्यून रहेका कारण जिम्मेवारीबारे कुनै टुंगो नलागेको बताउने गरेका छन्। यसअघि भण्डारीको सदस्यता नवीकरणको विरोधमा महासचिव पोखरेल नै बढी मुखर रूपमा प्रस्तुत हुँदै आए पनि भण्डारीलाई पार्टीमा 'कमब्याक' गराइँदा उनी सोमबारको बैठकमा भने पूरै मौन बसेका थिए।

भण्डारीनिकट नेता विनोद ढकालले पार्टी सदस्यता नवीकरणबाहेकका विषयमा कुनै छलफल नभएका कारण जिम्मेवारीबारे अहिल्यै कुनै निर्णय हुने सम्भावना नरहेको बताए। 'पार्टीले भर्खरै निर्णय सच्याएको छ, पार्टी हितलाई केन्द्रविन्दुमा राख्दा परिस्थितिजन्य कुरा पनि आउँछन्,' उनले भने, 'त्यसैले अहिल्यै जिम्मेवारीबारे कुनै निर्णय हुने सम्भावना देखिँदैन।' भण्डारीले पनि सदस्यता नवीकरणलाई लामो प्रतीक्षा गर्नुपर्ने प्रतिष्ठाको विषय बनाइएकाले पनि अहिल्यै जिम्मेवारीबारे कुनै योजना या धारणा बनाउने सम्भावना नरहेको निकटस्थ नेता-कार्यकर्तालाई बताएकी छिन्। सदस्यता नवीकरणपछि उनीसँग भेटघाट गर्ने धेरै नेता-कार्यकर्ताले ढिलोचाँडो पुनः वाम एकताको सम्भावना बढ्न सक्ने संकेत गरेको बताए।

सचिव पद्मा अर्यालले भण्डारीको जिम्मेवारी छलफलबाटै तय हुने बताइन्। 'उहाँले के सोच राख्नुभएको छ, त्यस विषयमा अध्यक्षसँग कुरा भएको होला, पार्टीमा पनि विषयहरू आउलान्, त्यसअनुसार नै छलफल भएर तय हुने कुरा हो,' उनले भनिन्। उपमहासचिव योगेश भट्टराईले ढिलै भए पनि सच्चिनु राम्रो भएको बताए। 'निर्णय जे भयो, राम्रो भयो। व्यक्तिको इच्छालाई प्रतिबन्ध लगाउन हुँदैनथ्यो। त्यतिवेला यही निर्णय गरेको भए सम्मान हुन्थ्यो। पार्टीमा एकता पनि दह्रो हुन्थ्यो। चुनावी परिणाम पनि फरक आउन सक्थ्यो,' उनले भने।

नयाँ रणनीतिक योजनामार्फत प्रहरीलाई प्रविधिमैत्री बनाइने

नयाँ पत्रिका



नागरिककेन्द्रित प्रहरी सेवा र प्रविधिमैत्री रूपान्तरणलाई मुख्य प्राथमिकतामा राखेर प्रहरीको नयाँ रणनीतिक योजना तयार पारिएको छ। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मंगलबार प्रहरी प्रधान कार्यालयमा 'नेपाल प्रहरीको रणनीतिक योजना, २०८३-८५' सार्वजनिक गरेका छन्। कार्कीले योजनाबद्ध विकासको माध्यमबाट प्रहरीलाई पेसागत रूपमा उत्कृष्ट, व्यावसायिक, समयसापेक्ष एवं आमनागरिकको अपेक्षाबमोजिमको सेवा प्रवाह गर्ने सक्षम संस्थाका रूपमा विकास गर्न रणनीतिक योजना तयार गरिएको बताए।

रणनीतिक विषय 'नवप्रवर्तन, इमानदारिता र तत्परतामार्फत प्रहरी सेवाको रूपान्तरण तय गरिएको प्रहरी प्रवक्ता डिआइजी अबिनारायण काफ्लेले बताए। रणनीतिक योजनाको कार्यान्वयनको माध्यमबाट नागरिककेन्द्रित प्रहरी सेवा, प्रविधिमैत्री रूपान्तरण, मानव अधिकारप्रति प्रतिबद्धता र उच्च व्यावसायिकतामार्फत नेपाल प्रहरीलाई अझ सक्षम, उत्तरदायी र भरोसायोग्य संस्थाका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ।

समुदायसँगको साझेदारीलाई मजबुत बनाउँदै प्रविधिको अधिकतम प्रयोगमार्फत प्रहरी सेवालाई समयसापेक्ष, पारदर्शी र परिणाममुखी बनाउन योजनाले जोड दिएको प्रवक्ता काफ्लेले बताए। प्रहरीको रणनीतिक योजनाद्वारा सातवटा रणनीतिक क्षेत्रअन्तर्गत रहेर ३६ वटा रूपान्तरणकारी रणनीति र ९९ वटा मुख्य कार्यक्रम सम्पन्न गरिने उल्लेख छ।

रणनीतिक योजनाको कार्यान्वयनद्वारा नीतिगत र कानुनी सुधार, समुदाय प्रहरी सहकार्य संस्थागत र सुदृढ, समस्या र पूर्वानुमानमा आधारित अपराध रोकथाम र नियन्त्रण प्रणाली, जनशक्तिको सेवा विशिष्टीकृत कार्य विवरण र कार्य सम्पादनमा आधारित वृत्ति विकासको लक्ष्य राखिएको छ।

त्यस्तै, अपराध अनुसन्धान र प्रहरी कार्यका विशिष्टीकरण र आधारभूत क्षमता स्थापना, प्रहरी प्रशासन र सेवा प्रवाहका प्रणालीको कार्यदक्षता र कार्य प्रभावकारितामा सुधार, सुपरिवेक्षण, अनुगमन र मूल्यांकनका वैज्ञानिक मापदण्डको विकास र कार्यान्वयनलगायतका लक्ष्य हासिल गर्ने योजनामा समावेश छन्। नीति, योजना र अन्तर्राष्ट्रिय समन्वय, शान्ति सुरक्षा, प्रहरी कारबाही र विपत् व्यवस्थापन, अपराध रोकथाम तथा नियन्त्रण, अपराध अनुसन्धान, मानवस्रोत विकास, भौतिक पूर्वाधार, स्रोत-साधन तथा सहायता सेवाहरू, सूचना प्रविधि पनि योजनाको कार्यक्षेत्रमा राखिएको छ।

सार्वजनिकीकरण कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले नागरिक सहायता तथा गुनासो व्यवस्थापन अनलाइन प्रणालीको पनि शुभारम्भ गरेका छन्। यसले नागरिक र प्रहरीबिचको सम्बन्धलाई अझ सुदृढ, सहज र पारदर्शी बनाउन महत्त्वपूर्ण योगदान पुग्ने एवं सेवाग्राहीको निवेदन, उजुरी लिएन भन्ने गुनासोको अन्त्य हुने प्रहरीको अपेक्षा छ। नेपाल प्रहरीमा प्राप्त निवेदन, उजुरी तथा गुनासो व्यवस्थापन प्रक्रियालाई पारदर्शी र उत्तरदायी बनाउँदै सेवाग्राहीमैत्री सेवाहरू डिजिटल माध्यमबाट उपलब्ध गराउने लक्ष्य राखिएको छ।

सर्टिफिकेट हरायो

मिति २०७८/८/२३ गते लोकन्थली बाट तीनकुने सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोराको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

Name: Deep Karki.
NEB reg No. : 760509206
Contact: 9840712528
Symbol No. 20500900

राधे-कृष्ण बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं महानगरपालिका वडा नं १६, बनस्थली, काठमाडौं
फोन नं. ०१-५९०५०३३, ५९०५०३४, इमेल ठेगाना : rksccl@gmail.com

गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्वन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०६)

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न मितिमा लिएको कर्जाको साँवा, व्याज र हर्जाना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्यादभित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरूको उल्लंघन गरेकोले कर्जा चुक्ता गर्न बारम्बार मौखिक एवं लिखित पत्रद्धारा ताकेता गर्दा समेत ऋणी, धितोदाता एवं जमानीकर्ताले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, व्याज र हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको साथै मिति २०८० मंसिर १४ गते, राष्ट्रिय दैनिक नयाँ पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य दैदस्तुर वापतको रकम संस्थामा चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले कर्जाको बाँकी बक्यौता असुलीका लागि यो गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो सम्पत्ति लिलाम विक्री गर्ने सम्वन्धी १५ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले कवोल गरेको रकमको न्युनतम १०% धरौटी बुझाएको सक्कलै भौचरसहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र चुक्ता गर्नु हुन समेत अनुरोध गरिएको छ। सो अवधिभित्र पनि संस्थाको लेना रकम चुक्ता भुक्तानी नगरेमा सुचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति २०८३ जेष्ठ २२ गते यस संस्थाको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १६, बनस्थली काठमाडौंमा दिनको ११:०० बजे प्राप्त बोलपत्र खोलिनेछ, उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:०० बजे बोलपत्रहरू खोलिने छ। साथै लिलाम बिक्रीमा कसैको बोलपत्र नपरेमा वा धितो सम्पत्ति कसैले सकार नगरेमा वा ऋणी वा धितोदाताले समेत कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम चुक्ता नगरेमा सहकारी ऐन, नियमावली, अन्य प्रचलित कानुन एवं यस संस्थाको विनियम र ऋण नीतिले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो सम्पत्ति पुनः लिलाम बिक्री गर्ने वा संस्था आफैंले सकार गरि लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री वा संस्था स्वयंले सकार गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी वा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्ति समेतबाट बाँकी लेना रकम असुल उपर गरी ऋणी तथा धितो जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोदाता, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिल

क्र.सं.	ऋणी तथा धितोदाताको विवरण	धितोदाता र लिलाम बिक्री गरिने धितोको विवरण
१.	**ऋणीको नाम** : सुशिल बज्राचार्य ना.प्र.प.न : ३५४७३/२९९१२ ना.प्र.प.न जारी मिति/ स्थान : २०५८।०८।१२, जि.प्र.का काठमाण्डौं बाबु : पूर्ण बज्र बज्राचार्य बाजे : बुद्ध बज्र बज्राचार्य ठेगाना : स्थायी का.जि, का.म.पा वडा नं.२७ हाल नागार्जुन न.पा वडा नं. १, काठमाण्डौं।	**धितोदाता** : सुशिल बज्राचार्य बाबु : पूर्ण बज्र बज्राचार्य बाजे : बुद्ध बज्र बज्राचार्य **धितोको विवरण :** साविक ईचंगुनारायण गा.वि.स वडा न ९ हाल नागार्जुन न.पा.वडा न.१, सिट नं. १०२१०२२०४, कित्ता नं. १९६, क्षेत्रफल ७९.४७ व.मी जग्गा र सो जग्गामा बनेको ३½ घर समेत।

शर्तहरू :

१. बोलपत्र फाराम यस संस्थाको बनस्थली स्थित कार्यालयबाट रकम रु.५००।- (फिर्ता नहुने गरी) मा खरिद गरि लिन सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइने छ।
३. धितो अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र बोलपत्र पेश गरिसक्नु पर्ने छ।
४. धितो लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको ११:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा प्राप्त हुन आएका बोलपत्रहरू खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय समयभित्र बोलपत्र खोल्न सकिने छ।
५. लिलाम हुने सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
६. लिलाम गरिने सम्पत्तिको बारेमा लिलाम हुने मितिभन्दा अगावै संस्थामा सम्पर्क गरी जानकारी लिन सकिने छ।
७. बोलपत्रमा आफुले कवोल गरेको अंकको न्युनतम १० प्रतिशतले हुन आउने रकम यस संस्थाको **ग्लोबल आईएमई बैंक लि.**मा रहेको खाता नं. **०१००१०१००००००८** मा धरौटी वापत जम्मा गरी रकम जम्मा गरेको सक्कलै भौचर वा यस संस्थामा नगदै जम्मा गरेको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ।
८. बोलपत्र फारम र अन्य कागजातहरू खामबन्दी गरी शिलबन्दी गरेको पत्रबन्दी खाम तोकिएको समयावधि भित्र कार्यालय समयमा संस्थामा दर्ता गर्नु पर्नेछ।
९. बोलपत्र पेश गरिसकेपछि बोलकवोल अंक र अन्य कुनैपनि विषयमा हेरफेर हुने छैन। लिलाम स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। लिलाम स्थगित, अस्वीकृत वा रद्ध भएमा धरौटी रकम फिर्ता दिइने छ।
१०. लिलाम स्वीकृत गर्दा अधिकतम अंकको वोलपत्र स्वीकृत गरिने छ। लिलाम स्वीकृत गरिएको बारे अधिकतम अंकको बोलपत्र पेश गर्ने वोलपत्रदातालाई लिखित जानकारी दिइने छ।
११. लिलाम स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थालाई हुनेछ।
१२. वोलपत्र फाराममा लेखिएको वाहेक अन्य शर्त राखिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१३. वोलपत्र बमोजिमको लिलाम स्वीकृत भएको जानकारी प्राप्त गर्ने वोलपत्रदाताले कवोल गरेको अंकको धरौटी वापत जम्मा गरेको रकम कटाई बाँकी हुन आउने सम्पूर्ण वोलकवोल रकम लिलाम स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र संस्थामा भुक्तानी नगरेमा धरौटी वापत राखेको रकम जफत गरी दोश्रो अधिकतम अंकको बोलपत्रदाताको वोलपत्र स्वीकृत गर्न वा लिलामी कारवाही रद्ध गरी नियमानुसार पुनः लिलामी प्रकृया अघि बढाउन सकिने छ।
१४ लिलाम सदर भई लिलाम गरिएको अचल सम्पत्ति नामसारी रजिष्ट्रेशन दाखिल खारेज हुनुभन्दा अगावै ऋणी वा धितोदाता वा जमानीकर्ताले संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम संस्थामा बुझाएमा लिलामी प्रकृया रद्ध गरी वोलपत्रदाताले संस्थामा बुझाएको धरौटी तथा थप रकम समेत फिर्ता गरिनेछ। वोलपत्रदाताले संस्थामा जम्मा गरेको धरौटी रकममा व्याज दावी गर्न पाइनेछैन।
१५. लिलाम बिक्री सम्बन्धी थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

न्यायपालिकाको...

पृष्ठ १ बाट क्रमशः

घटनाक्रम सुरु भएपछि मंगलबारै उजुरी खोलेर उजुरीकर्तासँग छलफल र शर्माको सुनुवाइ सकेर अनुमोदनसमेत गरेको हो।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले वरिष्ठतम् न्यायाधीशलाई सिफारिस गर्नुपर्ने भन्दै शर्मालाई गरिएको सिफारिसविरुद्ध परेको रिट दर्ता गर्न सर्वोच्च प्रशासनलाई आदेश दिएपछि न्यायालय र कार्यपालिकाबिच टकरावको संकेत देखिएको थियो। जटिलता नबढोस् भनेर शीघ्र सुनुवाइ गरिएको संसदीय सुनुवाइ समिति सभापति बोधनारायण श्रेष्ठले बताए। न्यायपरिषद्ले प्रधानन्यायाधीश हुनयोग्य ६ जनाको नाम सिफारिस गरेकामा संवैधानिक परिषद्ले चौथो नम्बरमा रहेका शर्मालाई प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको थियो। वरिष्ठता मिचिएको भन्दै शर्माको नियुक्ति सिफारिसविरुद्ध परेका रिट सर्वोच्च प्रशासनले दरपीठ गरेकामा कामु प्रधानन्यायाधीश मल्लले दर्ता गर्न सोमबार आदेश गरेकी थिइन्।

सुनुवाइ समितिले मंगलबार बिहान ८ बजे बैठक राखेर शर्माविरुद्ध परेका १६ वटा उजुरी खोलेर सांसदहरूलाई वितरण गरेको थियो। त्यसपछि ९:४५ देखि उजुरीकर्तासँग छलफल गरेको थियो। १२ बजेभित्रै उजुरीकर्तासँग छलफल सकिएको थियो। ८ जना उजुरीकर्तामध्ये सातजना उपस्थित भएर आफ्नो तर्क प्रस्तुत गरेका थिए। शर्माविरुद्ध एनसेल कर फिर्तामा सघाएको, विभिन्न मुद्दामा सेटिङ गरेर भ्रष्टाचार गरेको, सर्वोच्चको न्यायाधीश बन्न १५ वर्ष वकालत गर्नुपर्ने योग्यता नपुगेको, न्यायाधीश बनेपछि धन्यवाद दिन एमाले पार्टी कार्यालय गएको, पिएचडीको थेसिसमा बौद्धिक चोरी गरेको, पूर्वप्रधानन्यायाधीश दामोदर शर्माको भतिजा भएको आधारमा न्यायाधीश बनेको र उनी नेपो बेबी भएको आरोपसहित उजुरी परेकामा उजुरीकर्ताले आफ्नो तर्क राखेका थिए। उजुरीकर्तासँग छलफल सकिएपछि १:३० बजेलाई शर्माको सुनुवाइ तोकियो। सुनुवाइका लागि शर्मा १ बजे नै संसद् सचिवालयपरिसर आइपुगेका थिए। साढे १ बजे सुरु भएको सुनुवाइ ३:२० सम्म चलेको थियो। सुनुवाइ समितिले चार बजे सर्वसम्मत अनुमोदन गर्ने निर्णय सुनाएको थियो।

सभापति श्रेष्ठका अनुसार एकैदिन उजुरी खोल्नेदेखि सुनुवाइ गर्नेसम्म विपक्षी दलहरूले मानेका थिएनन्, उजुरी अध्ययन गर्न समय चाहिने उनीहरूको तर्क थियो। तर, सत्तापक्ष रास्वपाका मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीले प्रक्रिया अगाडि बढाऔँ, जति भ्याइन्छ त्यतिसम्म जाऔँ भनेपछि विपक्षी सांसदहरू सहमत भएका थिए। 'प्रक्रिया अगाडि बढायौँ। उजुरीकर्तासँग छलफल गर्‍यौँ। त्यस्तो गम्भीर कैफियत भेटिएन। अनि सुनुवाइ गरेर सर्वसम्मत अनुमोदन गर्‍यौँ,' उनले भने। अनुमोदन गर्दा विपक्षी नेकपाका सांसद वर्षमान पुनले बहुमत-अल्पमत गर्दा राम्रो सन्देश नजाने भन्दै सर्वसम्मत गर्न जोड गरेका थिए। त्यसपछि एमाले पनि अनुमोदनको पक्षमा उभिएको थियो।

संवैधानिक परिषद्मा 'नोट अफ डिसेन्ट', सुनुवाइमा समर्थन

सर्वोच्च अदालतमा चौथो वरीयतामा रहेका न्यायाधीश मनोज शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्दा प्रतिपक्षी कांग्रेस र नेकपा विपक्षमा उभिएका थिए। एमालेले सदनबाट पनि विरोध गरेको थियो। संवैधानिक परिषद्को बैठकमा विपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र नेकपा पृष्ठभूमिका राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले वरिष्ठता मिचेर गरिएको सिफारिस मान्य नहुने भन्दै 'नोट अफ डिसेन्ट' नै लेखेका थिए। संसद्मा पनि कांग्रेस, एमाले, माओवादी, श्रम संस्कृति, राप्रपालगायत सबै विपक्षी दलले विरोध जनाएका थिए।

तर, मंगलबार संसदीय सुनुवाइ समितिमा उजुरीकर्तासँग छलफल गरिसकेपछि शर्माको सुनुवाइ गरेका विपक्षी कांग्रेस, एमाले र नेकपा उनलाई अनुमोदन गर्न राजी भए। अझ विपक्षी नेकपाका वर्षमान पुनले सन्देश राम्रो नजाने भन्दै सर्वसम्मत गर्न जोड दिए। जसलाई कांग्रेस र एमालेले पनि समर्थन जनाए। संवैधानिक परिषद्मा बहुमतबाट सिफारिस भएका शर्मा संसद्बाट सर्वसम्मत अनुमोदन भए।

सुनुवाइमा सांसदहरूको प्रश्न, शर्माको जवाफ

सुनुवाइका क्रममा सांसदहरूले उजुरीकर्ताले उठाएका विषयमा रहेर प्रस्तावित प्रधानन्यायाधीश शर्मालाई प्रश्न गरेका थिए। रास्वपा मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीले अदालतमा बिचौलियाको नियन्त्रण कसरी गर्ने, विकास निर्माण रोकिने गरी आदेश आउने कुरालाई कसरी सुधार गर्ने भनेर सोधे। रास्वपाकै दीपक बोहराले पीडितले न्याय नपाउने अवस्था कसरी अन्त्य गर्नुहुन्छ, न्याय नदिने न्यायमूर्तिलाई न्यायपरिषद्ले कारबाही गर्छ कि गर्दैन भनेर सोधेका थिए। रास्वपाकै राजीव खत्रीले तपाईंमाथि नेपोबेबीको प्रश्न उठेको कुरा के हो ? न्यायाधीश नियुक्तिपछि पार्टी कार्यालयमा आर्शिवाद थाप्न गएको कुरा के हो ? तपाईंको नियुक्ति सिफारिसविरुद्धको रिट दरपीठको मौखिक आदेश दिएको कुरा के हो ? भनेर सोधे।

रास्वपाका मधुकुमार चौलागाईंले विगतमा छैटौँ प्रधानन्यायाधीश नियुक्ति गर्दा अहिलेजस्तै वरीयता मिचिएको उल्लेख गर्दै अदालतबाट भएका फैसलामा संलग्न न्यायाधीशले कानुन र नजिरसँग सम्बद्ध भएर फैसला नगरेमा कार्यसम्पादन मूल्यांकन कसरी हुन्छ भनेर प्रश्न गरे। रास्वपाकै गजाला समिम मिकराजीले पेन्डिङ मुद्दा फस्र्योटको योजना के छ भनेर सोधिन्। रास्वपाका डा. लेखजंग थापाले निःशुल्क न्यायका लागि के योजना छ भनेर सोधे।

कांग्रेसका आनन्दप्रसाद ढुंगानाले शक्ति पृथकीकरणको सिद्धान्तमा प्रस्तावित प्रधानन्यायाधीशको भूमिका हुने भन्दै बार-बेन्च द्वन्द्व कसरी व्यवस्थापन गर्ने भनेर सोधे। त्यस्तै, एमालेकी पद्मा अर्यालले प्रधानन्यायाधीश नियुक्ति इतिहासकै विवादित हुनु दुःखद भन्दै प्रश्न राखिन्। प्रधानन्यायाधीश नियुक्तिका लागि योग्य ठहरिन तपाईंमा तीन वरिष्ठ न्यायाधीशभन्दा फरक के त्यस्तो विशेषता छ ? तपाईंले न्याय र कानुनको विकासलाई कसरी अगाडि बढाउनुभएको छ ? तपाईंका कानुनी योगदानहरू वरिष्ठ न्यायाधीशभन्दा किन उत्कृष्ट छन् ? नेपालको न्यायिक इतिहासमा पहिलोपटक चौथो नम्बरमा रहेका न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गरिएको छ, यसले स्थापित ज्येष्ठता र योग्यताको सिद्धान्तलाई कसरी आत्मसात गर्छ ? के यसले भविष्यमा न्यायाधीशहरूमा कार्यक्षमताभन्दा राजनीतिक निकटता खोज्ने प्रवृत्ति प्रवेश हुन सक्छ ? भनेर प्रश्न गरेकी थिइन्। त्यस्तै, यस सिफारिसलाई कार्यपालिकाले न्यायपालिकामा हस्तक्षेप गर्न खोजेको रूपमा हेरिएको छ, प्रधानमन्त्री र संवैधानिक परिषद्को यो निर्णयले न्यायापालिकाको स्वतन्त्रतामा कस्तो असर पार्छ ? के तपाईं प्रधानन्यायाधीश नियुक्त भएपछि कार्यपालिकाका गलत निर्णयमाथि निर्धक्क भएर अंकुश लगाउन सक्नुहुन्छ ? भन्नेजस्ता प्रश्न गरेकी थिइन्। एमालेकै प्रेम दंगालले ८० वर्षको न्यायिक इतिहासमा संवैधानिक परिषद्ले वरिष्ठता मिचेर सिफारिस गरेको भन्दै तपाईं सिनियर तीनजना न्यायाधीशभन्दा कसरी योग्य र विज्ञ भनेर प्रश्न गरे। तीन वरिष्ठ न्यायाधीशसँग सम्बन्ध, जिम्मेवारी बाँडफाँट, सहकार्य कसरी व्यवस्थापन गर्नुहुन्छ भनेर सोधे।

नेकपाका वर्षमान पुनले वरीयता मिचिएको विषय उठाए। त्यस्तै, नेपोबेबी भएको तथा परिवार र पूर्वपदाधिकारीबाट फेबर भएको र यसले अदालतमा वेला-वेला ग्रुपिजम देखिएको विषय उठाए। उनले तपाईंको कार्यसम्पादनमा पीडितहरूबाट प्रश्न उठेको, प्रमाण हुँदा पनि नहेरेको, न्यायसम्पादनमा न्यायिक मन पुगेको छैन भन्ने गुनासो आएको भन्दै न्याय कसरी महसुस हुन्छ भनेर सोधे। न्यायालयको भ्रष्टाचार कसरी नियन्त्रण गर्ने, न्याय निरूपण छिटो कसरी गर्ने, संक्रमणकालीन न्यायलाई कसरी हेर्ने, विकासमुखी न्याय कसरी बनाउने ? भनेर प्रश्नहरू सोधे। नेकपाकै नरबहादुर विष्टले अदालत कब्जा गर्ने नियत राखेर गुटबन्दी गरेको, रिट दर्ता नगर्न भनेको कुरा के हो, विपन्नले न्याय पाउने अवस्था कसरी बनाउनुहुन्छ भनेर सोधे।

सभापति बोधनारायण श्रेष्ठले एनसेल कर मुद्दा के हो, विकास र लगानीमैत्री न्याय कसरी सुनिश्चित हुन्छ भनेर सोधेका थिए। आफूमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा प्रस्तावित प्रधानन्यायाधीश शर्माले आफूविरुद्ध परेको रिट दरपीठ गर्न आफूले दबाब नदिएको स्पष्ट पारे। 'मेरो कारणले दरपीठ आदेश रोकिएको भन्ने कुरा सत्य होइन। रिट दर्ता र दरपीठ प्रशासनले गर्ने हो। यो गर्न प्रशासन स्वतन्त्र छ। प्रशासनको आफ्नो विवेकबाट भएको होला, यसमा म थप टिप्पणी गर्न चाहन्नँ,' उनले भने।

शर्माले प्रधानन्यायाधीश नियुक्तिमा वरिष्ठता बलियो आधार नभएको बताए। 'संविधानले प्रधानन्यायाधीशको नियुक्तिलाई बढुवाको रूपमा नलिई नियुक्तिका रूपमा लिएको हुँदा यसमा वरिष्ठताको मापदण्ड त्यति बलियो आधार हुन्छ जस्तो लाग्दैन। त्यसमा पनि संवैधानिक परिषद् बाट निर्णय भएको हुनाले त्यहाँबाट आफ्ना प्रक्रियाहरू पूरा भइसकेको सन्दर्भमा यसमा मैले केही बोलिरहनुपर्छ जस्तो लागेको छैन,' उनको जवाफ थियो।

शर्माले नेपोबेबीको प्रश्नमा योग्यता र क्षमताले न्यायाधीश भएर काम गरेको दाबी गरे। 'यसलाई कसरी लिने थाहा छैन। म त आफ्नो योग्यता, क्षमताले एउटा अवधि पूरा गरेर, पुनरावेदन अदालतको न्यायाधीशको रूपमा नियुक्ति पाएका थिए। त्यहाँ आफ्नो कार्यसम्पादन सम्पन्न गरेर संविधानले पद नरहने व्यवस्था गरेबमोजिम पुनः कानुन व्यवसायमा फर्केर पुन नियुक्ति पाएर आएको हो। अब नेपोबेबीलाई एउटा धारणा बनाउने कुरा हो। धारणा बनाउने स्वतन्त्रता छ। यसमा मेरो योग्यता क्षमतामा प्रश्न उठ्ने ठाउँ छैन,' उनले भने, 'अर्को कुनै पारिवारिक नाता भएकै कारण कुनै पद नियुक्ति पाउन मिल्दैन भन्ने कानुनी व्यवस्था छैन। त्यसले धारणा बनाएको कुरामा मैले केही बोलिरहनुपरेन,' उनले भने।

शर्माले न्यायालयभित्र गुटबन्दी नभएको बताए। 'हाम्रोमा त्यस्तो गुटबन्दी केही छैन। न्याय प्रशासनबाट रिट दर्ता र दरपीठ हुन्छ। यसमा प्रशासनमा रजिस्ट्रार हुनुहुन्छ। उहाँहरूले आफ्नो विवेक प्रयोग गरेको कुरा हो,' उनले भने।

बार र बेन्चको द्वन्द्वमा अहिले बार र अदालत प्रशासनको बिचमा केही नमिलेको हो कि भन्ने देखिएको भन्दै शर्माले यसलाई सम्बोधन गरिने बताए। शर्माले पिएचडीको थेसिसमा बौद्धिक चोरी गरेको कुरा सरासर झुटो भएको बताए। 'यो सरासर झुटो कुरा हो। यसमा मेरो अरू केही छैन,' उनले भने।

एनसेल कर फस्र्योट मुद्दा प्रचलित कानुन, मान्य सिद्धान्तअनुसार भएको उनले जवाफ दिए। शर्माले संक्रमणकालीन न्यायको विषय संवैधानिक इजलासमा रहेको भन्दै विचाराधीन विषयमा बोल्न उपयुक्त नहुने जवाफ दिए।

शर्माले न्यायालयका बिचौलिया र विकृति नियन्त्रणका लागि सुनुवाइ लाइभ गर्ने योजना अघि सारेको बताए। 'बेथितिविरुद्ध शून्य सहनशीलता अपनाइन्छ। कार्की आयोगको प्रतिवेदन कार्यान्वयनबाट धेरै ट्र्याकमा आइसकेको छ। अब अनलाइन अर्थात् लाइभ सुनुवाइ भयो भने बेथिति धेरै अन्त्य हुन्छ,' उनले भने।

न्यायमा ढिलाइको कुरालाई प्रविधिमैत्री बनाउनेबित्तिकै सम्बोधन हुने उनको भनाइ थियो। 'लाइभ हुनेबित्तिकै सबै देखिन्छ। तलमाथि हुँदैन। न्यायमा पहुँच बढाउँछ। प्रविधिमैत्री अदालतले कभर गर्छ,' उनले भने।

न्यायालय सुधारका लागि शर्माका यस्ता कार्ययोजना

मेरिटोक्रेसीबाट न्यायाधीश नियुक्ति

संसदीय समितिमा शर्माले न्यायपरिषद्बाट हुने न्यायाधीश नियुक्ति सिफारिसलाई योग्यता प्रणाली (मेरिटोक्रेसी)मा आधारित बनाउने कार्ययोजना प्रस्तुत गरेका छन्। यसका लागि संविधान र कानुनबमोजिमका योग्यता, क्षमता, अनुभव र न्यायिक निष्ठा मापनका वस्तुनिष्ठताका आधारहरू पहिचान र विकास गरी तदनुरूप नियुक्तिलाई विवादरहित, पारदर्शी र अनुमानयोग्य बनाउने भनेका छन्। त्यस्तै, संविधान र कानुनले निर्दिष्ट गरेको अवधिभित्रै न्यायाधीशको पदपूर्ति गर्ने र सोका लागि कार्यतालिका बनाई नियमित रूपमा न्यायपरिषद्को बैठक बस्ने, विषयगत विज्ञता माग हुने अत्यावश्यक अवस्थामा बाहेक सामान्यतः सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा उच्च अदालतका न्यायाधीशहरूबाट गरिने, उच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरू र सेवारत अधिकृतहरूलाई प्राथमिकता दिने भनिएको छ। त्यस्तै, जिल्ला अदालतमा न्यायाधीश नियुक्ति प्रक्रियालाई परिमार्जन गर्नका लागि विशेष पहल गरी रिक्त पदमा नियुक्ति गर्दा इजलास अधिकृतका रूपमा काम गरेका आधारलाई मुख्य प्राथमिकता दिने र न्यायाधीश नियुक्तिमा संविधानको भावनाअनुरूप समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्ने योजनामा उल्लेख छ।

अदालतमा कार्यबोझका आधारमा दरबन्दी मिलान

संसदीय समितिमा शर्माले विशिष्टीकृत अदालत वा न्यायाधीकरणको पुनर्संरचना गर्ने, अदालतको विद्यमान अधिकार क्षेत्रमा पुनरावलोकन गर्ने, सर्वोच्च अदालतको कार्यबोझ घटाउनेतर्फ संवैधानिक र कानुनी सुधारका लागि समन्वय गर्नेजस्ता योजना अघि सारेका छन्। विशिष्टीकृत अदालत र न्यायाधीकरणसमेत तीनै तहका अदालतमा ६ हजार ९४० जनशक्ति (न्यायाधीश र कर्मचारीसमेत)को दरबन्दी रहेको र त्यसमा १० प्रतिशत रिक्त रहेको, अदालतको कार्यबोझको तुलनामा जनशक्तिको सन्तुलन नमिल्दा कार्यसम्पादनमा असर परेको भन्दै आवश्यकताका आधारमा दरबन्दी मिलान गर्ने उनको कार्ययोजना छ। कार्यबोझअनुसार स्रोत सुनिश्चितताका लागि राष्ट्रिय बजेटको एक प्रतिशत न्यायपालिकाका लागि विनियोजन गर्नुपर्ने उनको माग छ।

फैसलाको पूर्णपाठ २२ दिनभित्र तयार गर्न सूचना प्रविधिको उपयोग

मुद्दा फस्र्योट वृद्धि गर्न सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, समयावधिभित्रै छरितो न्यायसम्पादन गर्न विद्युतीय माध्यमबाट मुद्दा प्रवाह व्यवस्थापन गर्नुपर्ने उनको योजना छ। फैसलाको पूर्णपाठ पनि २१ दिनभित्र तयार पार्न सूचना प्रविधिको उपयोग गर्नुपर्ने कार्ययोजनामा उल्लेख छ। त्यस्तै, फैसला कार्यान्वयनका लागि रिट तथा देवानी मुद्दा अदालतबाटै र फौजदारी मुद्दा कार्यान्वयनको जिम्मा कार्यपालिकाले लिनुपर्ने भनिएको छ।

न्याय प्रशासन ऐनका अवरोध पहिचान गर्न समिति गठन

शर्माले न्याय प्रशासन ऐनका अवरोधहरू पहिचान गर्न उच्चस्तरीय अध्ययन समिति गठन गरेर संशोधनका लागि सुझाव दिने र न्यायाधीशहरू न्यायिक कार्यमा मात्र संलग्न रहने गरी प्रशासनिक तथा व्यवस्थापकीय समिति रहने व्यवस्था परिमार्जन गर्न सर्वोच्च अदालत नियमावली संशोधन गर्ने योजना अघि सारेका छन्।

सूचना प्रविधिमैत्री अदालत, मुद्दाका सुनुवाइको प्रत्यक्ष प्रसारण

शर्माले न्यायपालिकामा सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत न्यायिक काम कारबाहीलाई पूर्ण रूपमा सूचना प्रविधिमैत्री अदालतको अवधारणा पनि अघि सारेका छन्। मुद्दाको दर्तादेखि फैसला लेखन र कार्यान्वयनसम्मका प्रक्रियाहरूलाई एक वर्षभित्र सूचना प्रविधि प्रणालीमा आबद्ध गर्ने गरी सफ्टवेयर निर्माण तथा मोड्युलहरूको विकास गर्नुपर्ने योजना बनाएका छन्। त्यस्तै, सबै तहका अदालतहरूमा म्याद थप, बयान, बकपत्र र कानुन व्यवसायीको बहस भर्चुअल माध्यमबाट समेत गर्ने गरी व्यवस्था गर्ने, अदालतमा हुने सुनुवाइलाई सूचना प्रविधिमार्फत प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउन, अदालतमा हुने बहस पैरवीलगायतका कार्यको अभिलेखीकरण हुने गरी अडियो टु टेक्स्ट पद्धति लागू गर्ने, बायोमेट्रिक पद्धति विकास गरी सोलाई राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्ध गराई अदालतहरूमा मुद्दाका पक्षहरूको उपस्थिति अनलाइनमार्फत हुन सक्ने व्यवस्थाका लागि पहल गर्न तथा न्यायिक काम कारबाहीमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगको सम्भाव्यता अध्ययन गर्न सूचना प्रविधिमैत्री अदालत खोल्ने प्रस्ताव छ।

अदालतको कामकारबाहीमाथि अनुगमन

प्रधानन्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश, उच्चअदालतको मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश र प्रमुख भई काम गर्ने जिल्ला न्यायाधीशबाट तहगत रूपमा नियमित अनुगमन गरी अदालतको काम-कारबाहीको निगरानी गर्ने र कुनै अनियमितता देखिएमा सोको प्रतिवेदन तत्काल माथिल्लो तह हुँदै प्रधानन्यायाधीशसमक्ष प्राप्त हुने व्यवस्था गर्ने योजना पनि शर्माले अघि सारेका छन्। सबै तहका अदालतको प्रमुखसमक्ष टोल फ्री नम्बर र इमेलमार्फत उजुरी वा गुनासो गर्ने व्यवस्था मिलाउने भनिएको छ। सूक्ष्म अनुगमनलाई प्रभावकारी बनाउने, न्यायपरिषद्मा परेको उजुरीको नियमित बैठक बसी शीघ्र फस्र्योट गर्ने, आचारसंहिता नियमित अनुगमन र उल्लंघन गरे कारवाही, कार्यसम्पादन सूचक, सेवाग्राहीमैत्री व्यवहारसमेतका आधारमा कार्यसम्पादन मूल्यांकन गरिने भनिएको छ।

विद्याको...

पृष्ठ १ बाट क्रमशः

त्यसतर्फ औपचारिक निर्णय लिने तयारी थालेको छ। दुई दलका शीर्ष नेताले यस विषयमा अनौपचारिक संवादसमेत जारी राखेका छन्। पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण खुलाउने निर्णयपछि एमाले अध्यक्ष केपी ओलीले नेकपासँगको सम्भावित एकताको ढोका खोल्ने प्रस्ताव राख्ने तयारी गरेका छन्। सोमबारको केन्द्रीय सचिवालय बैठकमा ओलीले देश संकटपूर्ण अवस्थामा पुगेको भन्दै नेकपासँगको सम्भावित एकताको ढोका खोल्ने जनाउ दिएका छन्।

पूर्वराष्ट्रपति भण्डारीको सक्रिय राजनीतिमा 'कमब्याक'सँगै ओलीले नेकपासँगको सम्भावित एकताका लागि ढोका खोल्ने गरी सचिवालयको अर्को बैठकबाट निर्णय नै गराउने तयारी गरेको उच्च स्रोतले जनाएको छ। उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल पार्टी पुनर्गठनका लागि राजीनामा गराउन सक्रिय बनेपछि ओली रुष्ट छन् र उनले प्रतिक्रियास्वरूप आफूअनुकूलका कदम चाल्न थालेका छन्।

'उहाँले वाम पार्टीहरूसँग एकताका लागि आह्वान गरेर संयोजनको जिम्मेवारी आफैँले लिने र त्यसका लागि विकल्पमा पूर्वराष्ट्रपति भण्डारीलाई सहअध्यक्षका रूपमा अगाडि सार्न सक्नेसम्मको आन्तरिक तयारी गरिरहनुभएको छ,' एमालेका एक पदाधिकारीले भने, 'अबको सचिवालय बैठकबाट सम्भावित एकताका लागि नीतिगत निर्णय गराउने उहाँको तयारी छ। त्यसैको गृहकार्यका लागि पनि बैठक ८ जेठमा बस्ने गरी सारिएको हो।' गुन्डुस्थित ओलीनिवासमै बस्ने बैठकका लागि ११ एजेन्डा तय गरिएको छ।

उपाध्यक्ष पौडेल र महासचिव पोखरेल पार्टी पुनर्गठनका पक्षमा खुलेपछि रुष्ट ओलीले चुनावी समीक्षा प्रतिवेदन पनि उपाध्यक्ष रामबहादुर थापा बादलको नेतृत्वमा बनाउने गरी प्रस्ताव गरेका छन्। सातै प्रदेशका संयोजक रहेको समितिले प्रतिवेदन बनाएपछि मात्र मसिनो गरी छलफल गर्ने गरी ओलीले अहिलेलाई पुनर्गठनको मुद्दा पछाडि धकेल्ने रणनीति लिएका छन्।

सोमबार सचिवालय बैठकमा ओलीले चुनावी समीक्षा प्रतिवेदन तयारी र कार्यविभाजनसहितका ११ एजेन्डा राख्दा कसैले पनि विरोध गरेनन्। यद्यपि, अबको बैठकमा यसअघि ओलीको राजीनामाका पक्षमा खुलिसकेका उपाध्यक्ष पौडेल, महासचिव पोखरेल पुनर्गठनको एजेन्डामा कसरी प्रस्तुत हुन्छन्, त्यसले एमालेको आन्तरिक जीवनमा धेरै ठुलो अर्थ राख्ने विश्लेषण गर्ने गरिएको छ।

सोमबार बैठकमा समसामयिक परिस्थितिबारे ब्रिफिङ गर्दै ओलीले अहिले आफूले पद छाड्नुपर्ने कुनै कारण नरहेको भन्दै संस्थागत प्रक्रियाबाहिर गएर अराजक रूपले प्रस्तुत नहुन नेताहरूलाई सचेतसमेत गराएका थिए। उनले देशी-विदेशी षड्यन्त्र र नेपाली सेनाको असहयोगका कारण आफू सत्ताच्युत हुनुपरेको भन्दै आफूले राजीनामा दिनुपर्ने कुनै कारण नरहेको भनाइ बैठकमा राखेका थिए।

'कतिपय साथीहरूले मेरो राजीनामा गराएर पार्टीलाई पुनर्गठनमा लैजाने भन्दै बाहिर कुर्लिएको, प्रचार गर्दै-गराउँदै हिँडेको पनि सुनिन्छ। यस्तो अराजकता ठिक भएन। देशी-विदेशी षड्यन्त्र र सेनाको समेत असहयोगका कारण अहिलेसम्मकै ठुलो विध्वंस भएको छ। यस्तो वेला पार्टी एक ढिक्का भएर सबैखाले षड्यन्त्रविरुद्ध जुध्नुपर्नेमा मेरो राजीनामा मागिएको सुनिन्छ,' ओलीको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'मैले छाड्नुपर्ने कारण छैन, आइन्दा राजीनामा माग्नेजस्ता गतिविधि गरे ठिक हुँदैन। उस्तै परे कारबाहीको विषय पनि बन्न सक्छ।' ती नेताका अनुसार ओलीले आफूले राजीनामा नदिने बरु पार्टीभित्र र बाहिर दुवैतिर एकताको वातवरण बनाउनेतिर केन्द्रित हुने धारणा राखेका थिए।

उपमहासचिव लेखराज भट्टले भने अब बस्ने सचिवालय बैठकमै एजेन्डा केन्द्रित छलफल हुने र धेरै विषय पनि प्रस्ट हुने बताए। 'सबै विषय एजेन्डामा आउँदैनन्, महत्त्वपूर्ण विषयमा अध्यक्षले तत्काल प्रस्ताव राखेर छलफल गर्ने अभ्यास पनि छ,' भट्टले भने, 'कसरी अघि बढ्ने भन्नेबारे अबको बैठकमा धेरै छलफल हुनेछ।'

१५ हजार...

पृष्ठ १ बाट क्रमशः

गएको छ। अन्य पाँच हजार विद्यालय सहरी तथा तराई क्षेत्रका छन्। समिति बैठकमा सापकोटाले सामुदायिक विद्यालयलाई दरिलो बनाउन अभिभावक र विद्यार्थीको प्रत्यक्ष साथ चाहिने पनि बताए।

शिक्षामन्त्री सस्मित पोखरलले सिधै विद्यालय मर्जरभन्दा उचित विकल्पमा कम विद्यार्थी भएका विद्यालय व्यवस्थित गर्ने बताए। 'कुनै पनि विद्यालयको आफ्नै अस्तित्व र महत्त्व छ, त्यसलाई बन्द गर्नुभन्दा पनि सञ्चालन गर्नेतिर सरकारको ध्यान रहन्छ,' उनले भने, 'तर, न्यून विद्यार्थी भएका विद्यालयबारे विद्यार्थीलाई असहज नहुने गरी सरकारले आगामी वर्ष सोचविचार गरेर व्यवस्थित बनाउँछ।'

शिक्षा मन्त्रालयको आँकडाअनुसार सरकारले सामुदायिक विद्यालयमा पढ्ने एक विद्यार्थीमाथि वार्षिक ३० हजार खर्च गर्दै आएको छ। किताब, कापी, खाजादेखि शिक्षकलाई दिएको तलबसम्मलाई भाग गर्दा त्यति खर्च हुने गरेको शिक्षा मन्त्रालयका प्रवक्ता सापकोटाले बताए। 'सरकारले सामुदायिक विद्यालयमा पढ्ने हरेक विद्यार्थीमाथि वार्षिक औसत ३० हजार खर्च गर्छ, तैपनि सामुदायिक विद्यालयको अवस्था र विद्यार्थी आकर्षण सोचेजस्तो हुन सकेको छैन,' उनले भने, 'यसलाई थप प्रभावकारी बनाउन जरुरी छ।' सापकोटाका अनुसार निजी विद्यालयले भने प्रतिविद्यार्थी औसत ८० हजार खर्च गर्छन्।

हाल नेपालमा २७ हजार २० सामुदायिक विद्यालय छन्। ती विद्यालयमा झन्डै ५० लाख बालबालिका अध्ययनरत छन्। हाल सरकारले विद्यालय तहमा कार्यरत शिक्षक-कर्मचारी गरी दुई लाख ३२ हजार १०५ जनालाई तलब खुवाएको छ। यसबाहेक निजी स्रोतबाट ३० हजारभन्दा बढी शिक्षक तथा कर्मचारी छन्।

■ कांग्रेसमा गुटबन्दी तीव्र

एकताका नाममा आफ्नो पक्षलाई बलियो बनाउने रणनीतिमा दुवै पक्ष

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसमा गुटबन्दी तत्काल साम्य हुने देखिएको छैन । संस्थापन र इतर पक्ष एकताको नाममा आफ्नो पक्षलाई बलियो बनाउने रणनीतिमा छन् । दुवै पक्षले प्रदेशस्तरीय भेला गरिरहेका छन् । संस्थापन पक्षले सुदूरपश्चिमबाट र इतर पक्षले कोशीबाट प्रदेशस्तरीय भेला सुरु गरेका हुन् । प्रदेश भेला जारी नै छ ।

इतर पक्षले कोशीबाट देशव्यापी प्रदेशस्तरीय युवा भेला पनि गर्दै छ । भ्रातृ संगठनमा पनि समानान्तर कमिटी गठनको तयारी इतर पक्षले गरेको छ । संस्थापन पक्षलाई दबाब दिने र आवश्यक पर्दा पार्टी गठनमा समेत सहयोग पुग्ने गरी अघि बढेको इतर पक्षका एक नेताले बताए । 'पार्टी एकताबद्ध होस् भन्ने हाम्रो कुरा हो । यदि, एकता हुन सकेन भने नयाँ ढंगले जानुपर्ने हुन्छ । सबै विकल्पमा तयार छौं,' ती नेताले भने ।

१५औं महाधिवेशनको निष्पक्षताका लागि साझा संयन्त्र बनाउनुपर्ने इतर पक्षको मुख्य माग छ । निवर्तमान सभापति शेरबहादुर देउवा पक्षको नेतृत्व निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरेका छन् । इतर पक्षका नेता प्रकाशशरण महत पार्टीलाई एकताबद्ध बनाउनुपर्छ भन्नेमा आफूहरू स्पष्ट रहेको बताए । तर, त्यसका लागि जिम्मेवारी लिएका नेताहरू गम्भीर बन्नुपर्ने उनले बताए । 'पार्टीलाई एकता बनाउनुपर्छ भन्नेमा छौं । विशेष महाधिवेशनमा एउटा पक्ष बाहिरै थियो भन्ने तथ्य बिर्सनुहुँदैन । १५औं महाधिवेशन कसरी निष्पक्ष हुन्छ भन्ने नै मुख्य कुरा हो । त्यसका लागि साझा संयन्त्र बनाएर जान सकिन्छ । जिम्मेवारी लिएका साथीहरूले सोच्नुपर्ने कुरा छ,' उनले भने ।

संस्थापन पक्ष महाधिवेशनको तयारीमा लाग्दै गर्दा इतर पक्षले सदस्यता अद्यावधिक नगर्न आह्वान नै गरेको छ । साझा संयन्त्रमार्फत अघि नबढे छुट्टै महाधिवेशन गर्ने इतर पक्षको चेतावनी छ । संस्थापन पक्षले सदस्यता अद्यावधिकको समय २१ जेठसम्म थपेको छ । वैशाख मसान्तसम्म समय तोकिएकोमा अद्यावधिकको काम नसकिएपछि समय थपिएको हो ।

सभापति गगन थापाले सबैलाई समेटेर जान आफू तयार रहेको बताउँदै १४औं महाधिवेशनबाट निर्वाचित नेताहरूलाई समेटेर अगाडि बढ्न तयार रहेको सार्वजनिक अपिल गरेका छन् ।

देउवा समूहको सम्पर्क कार्यालय अनामनगरमा



काग्रेस इतर पक्षले गतिविधिलाई व्यवस्थित गर्न भन्दै अनामनगरमा सम्पर्क कार्यालयसमेत स्थापना गरेको छ । देशभरका नेता तथा कार्यकर्ताको सम्पर्कका लागि कार्यालय स्थापना गरिएको नेता कुन्दनराज काफ्लेले बताए ।

महाधिवेशनको तयारी, निर्वाचन समिति, क्रियाशील सदस्यता व्यवस्थापन समिति र अनुशासन समितिमा पनि सबै पक्षलाई समेटेर जान तयार रहेको उनले बताएका छन् । तर, त्यसका लागि सदस्यता अद्यावधिक गर्नुपर्ने थापाको सर्त छ ।

तर, इतर पक्ष १५औं महाधिवेशनका लागि भनेर क्रियाशील नवीकरण गरिसकेको अवस्थामा फेरि सोही महाधिवेशनका लागि दोहोऱ्याएर गर्नुपर्ने अडानमा छ । 'उहाँ नै महामन्त्री तथा क्रियाशील सदस्यता व्यवस्थापन समिति संयोजक भएको वेला नवीकरण गरिएको क्रियाशील सदस्यता अहिले फेरि किन अद्यावधिक गरिराख्नुपऱ्यो ?' महतले प्रश्न गरे ।

कोइराला पक्षको काठमाडौंमा भएको भेलाले पनि १५औं महाधिवेशनका लागि पहिले नै सदस्यता नवीकरण गरिसकेको भन्दै क्रियाशील अद्यावधिक नगर्ने निर्णय गरेको थियो ।

महामन्त्री प्रदीप पौडेल संयोजक रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिले अद्यावधिकको समय २१ जेठसम्म थपेको छ । देशभरबाट अद्यावधिकको काम भइरहेको समितिका सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेहीले बताए ।

■ उपत्यकाका नदीकिनारबाट हटाइएका सुकुमवासीलाई राहतको घोषणा

एकमुस्ट २५ हजार र तीन महिनासम्म मासिक १५ हजार खर्च दिइने



वास्तविक सुकुमवासीको पहिचान दुई साताभित्र हुन्छ

● **मचाकाजी महर्जन**, आयोजना निर्देशक, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

उपत्यकाका नदीकिनारबाट हटाइएकामध्ये दुई हजार ६०८ परिवारले नाम टिपाएका छन् । अब दुई साताजतिमा वास्तविक सुकुमवासीको यकिन हुन्छ । त्यसपछि जिल्ला प्रशासन कार्यालयबाट राहत र एकमुस्ट रकम हस्तान्तरण हुन्छ । कोही नक्कली सुकुमवासी पर्नुभएन र कोही वास्तविक सुकुमवासी विमुख हुनुहुन्न भनेर काम गरिरहेका छौं । समितिले तयार पारेको सूची नै आधिकारिक मानिनेछ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

उपत्यकाका नदीकिनारबाट हटाइएका सुकुमवासी परिवारलाई राहतस्वरूप सरकारले पुनर्स्थापना खर्चबापत एकमुस्ट २५ हजार रुपैयाँ र तीन महिनासम्म मासिक रकम उपलब्ध गराउने निर्णय गरेको छ । मंगलबार मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाका नदीकिनार क्षेत्रबाट विस्थापित परिवारलाई सदस्य संख्याका आधारमा राहत उपलब्ध गराउने निर्णय लिएको हो ।

निर्णयअनुसार पाँच सदस्यीय परिवारलाई मासिक १५ हजार रुपैयाँ दिइनेछ भने पाँचभन्दा बढी सदस्य भएका परिवारका लागि प्रतिव्यक्ति थप दुई हजार रुपैयाँ उपलब्ध गराइनेछ । तर, रकम दिनुपूर्व वास्तविक सुकुमवासी हो वा होइन भन्नेबारे रुजुसमेत गरिनेछ । अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले हाल वास्तविक सुकुमवासीको पहिचान गरिरहेको छ ।

आयोजना निर्देशक मचाकाजी महर्जनले मंगलबारदेखि डिजिटल प्रणालीमा स्क्रिनिङ सुरु भएको र पीडितको हातमा पुग्न दुई साताजति समय लाग्ने बताए । 'उपत्यकाका नदीकिनारबाट हटाइएकामध्ये दुई हजार ६०८ परिवारले नाम टिपाएका छन् । अब दुई साताजतिमा वास्तविक सुकुमवासीको यकिन हुन्छ । त्यसपछि जिल्ला प्रशासन कार्यालयबाट राहत र एकमुस्ट रकम हस्तान्तरण हुन्छ,' उनले भने, 'कोही नक्कली सुकुमवासी पर्नुभएन र कोही वास्तविक सुकुमवासी विमुख हुनुहुन्न भनेर काम गरिरहेका छौं । समितिले तयार पारेको सूची नै आधिकारिक मानिनेछ ।'

तर, सरकारले घोषणा गरेको राहत रकमले दैनिक गुजारा चलाउनै कठिन हुने पीडित परिवारको गुनासो छ । नदीकिनारका बस्तीहरू हटाउँदा सरकारले पर्याप्त पूर्वतयारी नगरी डोजर चलाएको उनीहरूको आरोप छ । कतिपय परिवारका लत्ताकपडा, आवश्यक सामग्री तथा बालबालिकाका किताब-कापीसमेत भग्नावशेषमै पुरिएका थिए ।

विस्थापनपछि धेरै बालबालिका विद्यालय जानबाट वञ्चित भएका छन् । काठमाडौं महानगरपालिकाले १४ जना बालबालिकालाई निजी स्कुलहरूमा पढ्नका लागि सहजीकरण गरेको छ । अन्य ६० भन्दा बढी बालबालिका पढ्नबाट वञ्चित भएका छन् । कतिपय अभिभावकले रोजगारी गुमाएका छन् । हाल बनेपास्थित होलिडे सेन्टरमा ३९ परिवारका ११२ जना राखिएका छन् भने कीर्तिपुरस्थित राधास्वामी आश्रममा ३२ परिवारका १०८ जना बसिरहेका छन् । अन्य ५५ जना विभिन्न होटेलमा आश्रित छन् । उनीहरूलाई खाने-बस्नेलगायत सबै सुविधा सरकारले दिएको छ । हटराबाट हटाएर विभिन्न आश्रय स्थल पुऱ्याइएका उनीहरू असन्तुष्ट छन् ।

उपत्यका विकास प्राधिकरणले ०७९ मा तयार पारेको तथ्यांकअनुसार उपत्यकाभित्र तीन हजार ४९६ सुकुमवासी परिवार छन् । तर, त्यसमध्ये पाँच सय परिवार गैरसुकुमवासी भएको भूमि मन्त्रालयले छानबिन गर्दा पत्ता लगाएको छ ।

तीन महिनासम्म राहत दिने निर्णय भए पनि विस्थापित परिवारहरूको स्थायी व्यवस्थापन कहाँ र कसरी गर्ने भन्ने प्रश्न अनुत्तरित नै छ । यसले सुकुमवासी परिवारमा थप अन्योल थपेको छ । तीन महिनापछि वास्तविक सुकुमवासीलाई स्थायी बसोबासको व्यवस्था तथा जग्गा वितरण हुने महर्जनले बताए । नदीकिनार क्षेत्रका विभिन्न बस्तीबाट हटाइएकामध्ये जम्मा ४० परिवारका ९३ जना सुकुमवासीलाई तारकेश्वरको इचंगुनारायणस्थित अपार्टमेन्टमा राखिएको छ ।

काठमाडौं उपत्यकाका नदीकिनारबाट हटाइएका सुकुमवासीको पहिचान भैरहेको छ । हालसम्म दुई हजार ६०८ घरपरिवारका ११ हजार एक सुकुमवासी सरकारको सम्पर्कमा छन् ।

सरकारले १२ वैशाखदेखि काठमाडौं उपत्यकाका नदीकिनार क्षेत्रका सुकुमवासी बस्ती हटाउन सुरु गरेको थियो । तर, विकल्पविना र पूर्वतयारीविना बस्ती भत्काइएको भन्दै चौतर्फी आलोचना भएपछि हाल उक्त अभियान स्थगित छ ।

जंगली च्याउ खाँदा एकै परिवारका तीन बालबालिकाको मृत्यु

नयाँ पत्रिका



तीन सन्तान गुमाएका श्यामबहादुर चेपाङ भन्छन्-

'कटुसे च्याउ' पकाएर खाएका थियौं । हामीले वर्षौंदेखि जंगलको च्याउ खाँदै आएको हो । जंगलमा पाइने कटुसे च्याल खाँदा पहिले यस्तो कहिल्यै भएको थिएन । यो वर्ष पनि थोरै खाएका थियौं । यस्तो होला भन्ने कल्पना पनि गरेका थिएनौं ।

चितवनको विकट इच्छाकामना गाउँपालिका- १, कुलबाङमा जंगली च्याउ खाँदा एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ । जंगलबाट ल्याएको विषालु च्याउ खाएर बिरामी परेका एक बालक र दुई बालिकाको पाँच दिनभित्रै मृत्यु भएपछि स्थानीय चेपाङ परिवार उजाडिएको छ भने सिंगो गाउँ नै शोकमा डुबेको छ ।

भरतपुर अस्पतालमा उपचारका क्रममा १३ वर्षीया मनिता चेपाङको मंगलबार बिहान मृत्यु भएसँगै मृतकको संख्या तीन पुगेको हो । यसअघि उनका ११ वर्षीय भाइ सञ्जय चेपाङ र नौ वर्षीया बहिनी नमुना चेपाङको पनि ज्यान गइसकेको छ । मृतक तीनैजना स्थानीय श्यामबहादुर चेपाङ र पदमकुमारी चेपाङका सन्तान हुन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार च्याउ खाएर बिरामी परेकी नौ वर्षीया नमुना चेपाङको गत जेठ १ गते गाउँमै मृत्यु भएको थियो । अवस्था जटिल बन्दै गएपछि भरतपुर अस्पताल ल्याइएका ११ वर्षीय सञ्जयको शनिबार राति उपचारकै क्रममा ज्यान गयो । जेठी छोरी मनिताको पनि मंगलबार बिहान ६ बजे अस्पतालमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरीक्षक मनीष श्रेष्ठले बताए ।

पाँच दिनको अन्तरालमा आफ्ना भएका सबै सन्तान गुमाएपछि बुबा श्यामबहादुर र आमा पदमकुमारी पीडामा छन् । ती बालबालिका स्थानीय विद्यालयको कक्षा २, ३ र ५ मा अध्ययनरत थिए ।

च्याउ खाएका बुबा श्यामबहादुर र आमा पदमकुमारी भने अस्पतालमा उपचारपछि निको भएर घर फर्किसकेका छन् । उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । मृतक दुई बालबालिकाको दाहसंस्कार भइसकेको छ भने मनिताको शवलाई पोस्टमार्टमका लागि भरतपुर अस्पतालमा राखिएको छ ।

पारिवारिक स्रोतका अनुसार श्यामबहादुरको परिवारले गत २९ वैशाखमा जंगलबाट ल्याएको च्याउ पकाएर खाएका थिए । बालबालिकाका बुबा श्यामबहादुरले आफूहरूले बिगतमा पनि खाने गरिएको 'कटुसे च्याउ' ठानेर सो च्याउ पकाएको प्रहरीलाई बताएका छन् । च्याउ खाएको केही समयपछि नै परिवारका सदस्यहरूमा टाउको दुख्ने, बान्ता हुने र कडा पखाला लाग्नेजस्ता लक्षण देखिएका थिए ।

सुरुमा सामान्य स्वास्थ्य समस्या ठानेर उनीहरूलाई स्थानीय काउले स्वास्थ्य चौकी पुऱ्याइएको थियो । तर, निको नभएपछि बालबालिकालाई भरतपुर अस्पताल रेफर गरिएको थियो । उपचारमा संलग्न चिकित्सकहरूका अनुसार बालबालिकामा देखिएको लक्षण जंगली च्याउको कडा विषसँग मिल्दोजुल्दो रहेको र सोही कारण अंगहरूले काम गर्न छोडेर मृत्यु भएको हो ।

नमोबुद्धमा बर्डफ्लु पुष्टि

काभ्रेपलाञ्चोक/ काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका क्षेत्रमा बर्डफ्लु पुष्टि भएको छ । नगरपालिकाले जारी गरेको सूचनाअनुसार वडा नं. २ स्थित २६ नम्बर बाहिनी सैनिक ब्यारेकवरपर रहेका कागहरूमा बर्डफ्लुको जस्तो मिल्दोजुल्दो लक्षण देखापरेपछि संक्रमण भएको हो ।

दैनिकजसो काग मर्न थालेपछि नगरपालिकाले नमुना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर पठाएको थियो । प्रयोगशालाबाट आएको परीक्षण नतिजाअनुसार 'लो प्याथोजेनिक एच-९' प्रकारको बर्डफ्लु पुष्टि भएको जनाइएको छ । नगरपालिकाले रोगबाट मानव स्वास्थ्यमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्न तथा संक्रमण फैलिन नदिन सबै सरोकारवालालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

सूचनामा कुखुरा फार्ममा जैविक सुरक्षा विधि कडाइका साथ लागू गर्ने, अनावश्यक व्यक्ति तथा सवारीसाधन प्रवेशमा रोक लगाउन, फार्मपरिसरमा अन्य पशुपन्छी प्रवेश हुन नदिन तथा फार्ममा प्रयोग हुने सामग्री नियमित निःसंक्रमण गर्न आग्रह गरिएको छ ।

■ वनको जग्गामा अवैध खानी सञ्चालन

निर्माण व्यवसायी महासंघका उपाध्यक्ष पन्तविरुद्ध पक्राउ पुर्जी

नयाँ पत्रिका

निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष मुकेश भनिने रामजी पन्तविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । अवैध तवरले क्रस उद्योग सञ्चालन गरेको पाइएपछि पन्तसहित शान्ति लामा र शंकरमान लामाविरुद्ध जिल्ला अदालत, काभ्रेले पक्राउ पुर्जी जारी गरेको हो । उनीहरू हेन्जेन दोर्जे कम्पनीका सञ्चालक हुन् । उनहरूको कम्पनीले काभ्रेको तेमाल गाउँपालिका- १ को खानीखोला दारघारी खटभौले दोभानस्थित १७ हजार ४३०.४९ क्षेत्रफल जग्गामा क्रसर उद्योग सञ्चालन गरिरहेको छ । डिभिजन वन कार्यालय, काभ्रेका अनुसार क्रसरले वन क्षेत्रको जग्गा अतिक्रमण गरेको छ । सोही कारण उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको कार्यालयका प्रमुख कृष्णबहादुर थापाले बताए ।

'हेन्जेन दोर्जे कम्पनीबाट सञ्चालिन क्रसर उद्योगले वनको जग्गा अवैध तवरले उत्खनन गरेको भेटियो । यस सम्बन्धमा सबडिभिजन वन कार्यालय, नमबुद्धले समिति नै गठन गरेर अध्ययन गरेको थियो । सोही अध्ययनपछि केही कैफियत देखिएपछि पक्राउ पुर्जी जारी भएको हो,' थापाले भने ।

यसअघि हेन्जेनका लेखापाल किरण लामा ब्लोन पक्राउ परेका थिए । उनकै बयानका आधारमा वनले पन्तसहित शान्ति र शंकरमानविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । त्यसलगत्तै उनीहरूलाई पक्राउ गर्न वनले जिल्ला प्रहरी कार्यालय, काभ्रेलाई पत्राचार गरेको थियो । तर, जिप्रका काभ्रेले उनीहरूलाई हालसम्म पक्राउ गरेको छैन । वन कार्यालयका प्रमुख थापाले उनीहरू हालसम्म नपरेको, तर अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाउने तयारीमा रहेको बताए । 'उहाँको क्रसर उद्योगले वन अतिक्रमण तथा वन पैदावार होनि-नोक्सानी गरेको पाइयो । त्यसो हुँदा अदालतबाट उहाँहरूविरुद्ध पक्राउ अनुमति लिएर आयौं । त्यसलगत्तै उहाँहरूलाई पक्राउ गर्ने जिप्रका काभ्रेमा पत्राचार गरेका हौं । तर, जिप्रकाले हालसम्म पक्राउ गरेजस्तो लाग्दैन,' उनले भने ।

तेमाल गाउँपालिका- १ का स्थानीयका अनुसार क्रसर उद्योगले पासेपा सल्लेनीघारी वन उपभोक्ता समितिको वनसमेत अतिक्रमण गरेको छ । क्रसरका कारण खानेपानीको मुहान पनि अतिक्रमण भएको छ । क्रसरका कारण गाउँस्थित चार सय घरधुरी प्रभावित बनेका छन् । गाउँ आउजाउ गर्ने सडक बिग्रिएको छ । क्रसर हुँदै बग्ने भिकु खोला अतिक्रम भएको छ । यो तथ्यलाई गाउँपालिका अध्यक्ष चन्द्रबहादुर तामाङले समेत स्वीकार गरे । 'विवाद भएपछि वनले घटनाको अनुसन्धान गऱ्यो । उत्खनन गरिएका जग्गाको नापजाँच भयो । यसक्रममा क्रसर उद्योगले सार्वजनिक जग्गा मिचेको नै देखिन्छ । विशेषगरी उहाँहरूको मेसिनको अधिकांश हिस्सा सार्वजनिक जग्गामा रहेको देखिन्छ । उत्खनन पनि भएको छ ।

IMELiFE
Ensuring Future

सवारी साधन लिलाम बढाबढ मार्फत बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

सूचना प्रकाशित मिति २०८३ जेष्ठ ६ गते

यस कम्पनीको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीहरुले के कति मूल्यमा खरिद गर्ने हो सो रकम खुलाई तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित मितिले पन्ध्र दिन भित्र शिलबन्दी बोलपत्र यस कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालय लैनचौर स्थित प्रशासन विभागमा पेश गर्नुहुन आह्वान गरिन्छ । लिलाम बिक्री हुने सवारी साधनको विवरण तपसिल :

तपसिल

क्र.सं.	बिक्री हुने सवारी साधनको विवरण	सवारी साधन रहेको स्थान	न्यूनतम कबोल मूल्य
१	कम्पनीको नाम: Hyundai मोडल: Creta 1.6 Gasoline SX+ बनेको साल: २०१७ इन्जिन नं.: G4FGHW478085 च्यासिस नं.: ALC3B1CLHM2B444OXG सवारी दर्ता नं.: बा १८ च १३४७	लैनचौर, काठमाडौं	२८,००,०००

शर्तहरु:

- बोलपत्र पेश गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा संस्थाको हकमा सो फर्म वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी, प्यान दर्ताको प्रतिलिपी र गत आ.व को कर चुक्ता प्रमाणपत्र संलग्न गरी कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालयको प्रशासन विभागमा बुझाउनु पर्नेछ ।
- पेश गरिएको बोलपत्रको सकार गर्न चाहेको सवारी साधनको विवरण, कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी सिलबन्दी गरी दाखिला गर्नु पर्नेछ । धाँयाप्रति गरी पेश गरिएको बोलपत्र मान्य हुने छैन ।
- बोलपत्र दाखिला गर्दा आफूले कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम यस कम्पनीको नाममा प्रभु बैंक लिमिटेड, लैनचौरमा कायम रहेको खाता नं. ०८६००९२६५८६०००२२ मा जम्मा गरेको सक्कल औचर समेत संलग्न गर्नुपर्नेछ ।
- यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (सो दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन) पेश गरि दर्ता गराउनु पर्नेछ । म्याद नाघि र रित नपुगी प्राप्त बोलपत्रहरु मान्य हुने छैन ।
- प्राप्त बोलपत्रहरु मिति २०८३ जेष्ठ २१ गते कार्यालय समय पश्चात् कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालयमा बोलपत्रदाता र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा उक्त बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- अस्विकृत बोलपत्रको धरौटी रकम बोलपत्र अस्विकृत भइपछि फिर्ता गरिने छ र सो रकममा कुनैपनि ब्याज प्रदान गरिने छैन ।
- बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्विकृत/अस्विकृत बारे कम्पनीबाट दुइले नलाग्रेसम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन । इन्कार गरेमा धरौटी बापतको रकम स्वत: जफत हुने छ । सबैभन्दा धेरै रकम कबोल गर्ने बोलपत्रदातालाई सवारी साधन बिक्री गरिने छ ।
- बोलपत्रदाताले बोलपत्र स्विकृत भएको सूचना पाएको मितिले ७ भित्र आफूले कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरीसक्नुपर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी बापतको रकम जफत हुनेछ । सकार गरि लिँदा लाग्ने सम्पूर्ण सरकारी दस्तुर, कर शुल्क बोलपत्रदाताले आफैले व्यहोर्नु पर्नेछ ।
- यस सम्बन्धि थप जानकारी आवश्यक भएमा प्रशासन बिभागको फोन नं. ०१-४०२४०७१ ext. no. ३१४ वा ३११ बाट प्राप्त गर्न सक्नुहुनेछ ।

IME Life Insurance Company Limited
Corporate Office, 3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu

Telephone: 01-4024071 www.imelifeinsurance.com

दर्ता नं.: ५२७ (४०८) ०६६/०६७

अनमोल बचत तथा ऋण सहकारी संस्था लि.
ANAMOL SAVING & CREDIT CO-OPERATIVE LTD.
सूर्यविनायक न.पा.-८, भक्तपुर
फोन नं. ०१-६६१९५७३ । Email address: anmolsaving@gmail.com

लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०६)

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८१/१०/२५ गते, मिति २०८१/१२/२२ र मिति २०८२/०१/१५ गतेको नयाँ पत्रिकामा ३५ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाएकोले सुरक्षण वापत यस सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल अचल श्री सम्पत्ति, जग्गाहरू जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरूले गोप्य शिलबन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको विवरण:

नर बहादुर सुनुवारको नातिनी दान बहादुर सुनुवारको छोरी, दोलखा जिल्ला, सावित्रि हावा गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं. ८ बस्ने ऋषा सुनुवार (ना.प्र.नं. २२९०४६/८२, जारी मिति: २०६६/०३/०३, जिल्ला प्रशासन कार्यालय दोलखा) ।

व्यक्तिगत जमानी दिनेको विवरण :

विर बहादुर लाकाजुको नाति डम्मबर बहादुर लाकाजुको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. ९ बस्ने शम्भु लाकाजु(ना.प्र.नं. २९ २४६९३, जारी मिति: २०६२/०३/०३, जिल्ला प्रशासन कार्यालय भक्तपुर) ।

धितो सुरक्षणको विवरण :

ऋषा सुनुवारको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सावित्रि सिपाडोल गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. ८९१ को क्षेत्रफल ०-५-२-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत ।

शर्तहरू :

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस संस्थाबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।
३. बोलपत्र स्किृत भएपछि तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुनेछ ।
४. दा.खा.नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन् ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस संस्थामा सम्पर्क गर्नु हुन अनुरोध छ ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आंशिक स्विकृत गर्न सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन ।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०२/२० गते बुधबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८३/०२/२६ गते मंगलबार दिनको २:०० बजे
स्थान : अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्यविनायक, भक्तपुर कार्यालयमा
फोन नं. : ०१-६६१९५७३
Email address: anmolsaving@gmail.com

फेरिँदै राजनीतिको परिभाषा

ममदानी, बालेन र थलापतिको चुनावी अभियानले अबका दिनमा राजनीतिको परिभाषा फेरिने संकेत देखाएको छ



● गोपीनाथ मैनाली

अग्रलेख

परिवर्तन प्रकृतिको रीत हो । सामाजिक चेतनाले मानिसलाई प्रकृतिभन्दा पनि पर गएर परिवर्तनको चाहचेतमा पुऱ्याउँछ । राजनीति अपेक्षाको व्यापार हो । मानवीय अपेक्षाले राजनीतिलाई परिवर्तनको सीमापर पुग भन्छ । जसले नागरिक अपेक्षाको संकेत टिपे, ती राजनीतिमा टिके, संकेत ठम्याउन र टिप्न जो पछि परे, ती राजनीतिबाट पनि पछि परे । समयको गतिमा गतावधिक भए ।


राजनीतिलाई दार्शनिक प्लेटोले मानवीय सद्गुण र सामाजिक न्याय प्राप्त गर्ने कला भनेका थिए । उनले कल्पना गरेको दार्शनिक राजा (नेता) आदर्श थियो । झन्डै २५ सय वर्षपछि राजनीति र राजनेताका आधारभूत मूल्य नफेरिए पनि अपेक्षा र तिनलाई पूरा गर्ने शैलीस्वरूप फेरिएको छ । शासकीय संस्थाहरूमा विश्वास बढाउनुपर्ने चुनौती बेस्सरी थपिएको छ । नेतृत्व आदर्श भएन भने संस्था विश्वासिला बन्दैनन्, शासन सेवामा पुग्दैन । तर, मेकियावेली राजनीति आदर्शले होइन, वास्तविकताले चल्छ भन्छन् । लक्ष्य हुनुपर्छ र त्यसलाई प्राप्त गर्न राज्य सबल हुनुपर्छ भन्नेमा दुवै दार्शनिक एकमतमा छन् ।

परम्परागत राजनीति शक्ति र कानुनको खेल हो । नागरिकहरू निर्वाचनको दिन मतदान गर्छन्, सक्रिय मताधिकार गर्ने अवस्थमा पुग्दैनन् । अझ कतिपय त बाध्यात्मक विकल्पमा मत दिन्छन् । प्रतिनिधित्व गर्ने र गरिने विषयमा फासला हुन्छ । निर्वाचक-निर्वाचित सम्बन्ध दाताग्राहीको जस्तो देखिन्छ । परिवार, विरासत, शक्तिसोपानबाट प्रभावित राजनीतिको यो सामान्य चरित्र हो । निर्वाचक निर्वाचनको दिनमा मात्र सार्वभौम बन्ने प्रवृत्तिले लोकतन्त्रका लाभ जनतासामु कहिल्यै पुगेनन् । उम्मेदवारले आशा र अपेक्षाको व्यापार गर्नु र सर्वसाधारण प्रतीक्षामा रहनुको विकल्प थिएन । नेतृत्व गताविधक तर नागरिक चेतना उपल्लो भएपछि राजनीति उही रूपमा रहने भएन । राजनीति जनस्तरमा नओर्लिए लोकतन्त्रको के अर्थ ? ममदानी, बालेन र थलापतिको चुनावी अभियानले अबका दिनमा राजनीतिको परिभाषा फेरिने संकेत देखाएको छ । राजनीति जहिले पनि नवीन विषय हो र सर्वसाधारणका विषय जहिले पनि बाँकी हुन्छन् भन्ने देखिन थालेको छ ।

गत वर्ष न्युयोर्कका मेयर उम्मेदवार जोहरान ममदानी चुनावी अभियानमा 'भविष्य हाम्रै हातमा छ' भन्दै निर्वाचनका मुद्दा र निर्वाचन अभियानमा नितान्त बेग्लै ढंगबाट प्रस्तुत भए । त्यो सर्वसाधारणको मन जित्ने रणनीति थियो । केही वर्षअघि एन्ड्रयु योडले युवा र मध्यम वर्गको आवश्यकता पूरा गर्न आधारभूत आयसमेत व्यवस्था गर्ने रणनीतिसाथ राष्ट्रपतिको उम्मेदवारी दिए पनि प्राइमरीमाथि पुग्न सकेनन् । परिमार्जित रणनीतिमा राजनीति विरासतबाट होइन, जीविकाको सवालबाट हुन्छ भन्ने मान्यतासाथ ममदानीले चुनावी अभियान सुरु गरे । उनले नयाँ मुद्दा र नयाँ पहिचानका लागि नयाँ नेतृत्व र नयाँ शैली चाहिन्छ भन्ने साबित गरिदिए । विश्व पुँजीवादको राजधानीको मेयरमा एसियाली मूलका मुस्लिम उम्मेदवारले जित्न सजिलो थिएन । आप्रवासी संघर्ष, दैनिकीका समस्या र कठिन जीवनप्रणालीलाई उनले बुझेका थिए । यो बुझाइ बनाउन आमाको फिल्मी व्यक्तित्व, बुबाको बौद्धिकता, श्रीमतीको कलाकारिता र आफ्नै ज्यापर 'कार्डोमम' र लेखकीय व्यक्तित्वले सघाएको थियो । राजनीति विरासत र शास्त्रीयताबाट हुँदैन भन्ने साबित गरेका ममदानी सेलिब्रेटी विरासतबाट भने मुक्त थिएनन् । आमा मीरा नायर मिसिसिपी मसला, मनसुन मेरिज र कामसूत्रजस्ता चर्चित चलचित्रकी निर्मात्री थिइन् । 'एउटा यस्तो दिन, जुन इतिहासमा विरलै आउँछ, जब हामी पुरानोबाट नयाँमा पाइला हाल्छौं, एउटा युग समाप्त हुन्छ र लामो समयदेखि दबिएको राष्ट्रको आत्माले बोली पाउँछ' भन्ने जवाहरलाल नेहरूको शताब्दीअघिको बोलीलाई ममदानीले ३३ वर्षे युवावस्थामै व्यवहारमा उतारिदिए । उनले भने 'म केही बन्छु भनेर चुनावमा आइनँ, केही गर्छु भनेर आएँ' जनताले पत्याए, हुन्छ भनिदिए ।

राजनीतिक सामाजिक बेथितिविरुद्ध अभिनायक बनेका विजय थलापति २०२१ बाट सुरु भएको उनको 'फ्यान क्लब' बिएमआई (विजय मक्कल एक्कम)को तामिल पहिचानको अभियान २०२६ मा आइपुग्दा टिसिभीके (तामिलगा भेट्री कजगम) बन्यो र अभिनयमा सामाजिक न्यायको मुद्दा उठाउँदै वास्तविक जीवनमा पनि त्यही विषयको नेतृत्वमा पुगे थलापति । फिल्मका 'ब्लकबस्टर' अभिनेता राजनीतिको पहिलो प्रदर्शनमै 'ब्लकबस्टर' बने ।

थलापतिको चुनावले राजनीतिमा केही नयाँ कुराको संकेत गर्छ । जनभावना जित्न चुनावी रणनीति चाहिन्छ भनी उनले रणनीतिकार प्रशान्त किशोरलाई उपयोग गरेका थिए । प्रशान्त तिनै थिए, जो आफैं भने चुनावमा असफल रहे, तर २०१४ मा मोदी र २०२१ मा ममता बनर्जीलाई जिताउने अभियानका रणनीतिकार थिए उनी । कुनै रणनीतिकारको कारणले मात्र चुनाव जितिने होइन, तर सामाजिक मुद्दालाई चुनावी कलेवर दिई मतदाताको भावनामा लपेट्न भने खास रणनीति चाहिन्छ भन्ने देखिएको छ । यसले शास्त्रीय राजनीतिको संस्थापनलाई तिमीहरू गतावधिक भयौं भन्ने सन्देश दिएको छ । थलापतिले आफ्ना दर्शकलाई आफ्नै मतदाता बनाए । प्रदर्शन हुन लागेको चलचित्र जननायगनलाई सरकारले प्रतिबन्ध लगाएपछि थलापतिको राजनीतिक स्केल ह्वात्तै बढ्यो, प्रतिपक्षी नेता राहुल गान्धीले सामाजिक सञ्जालमार्फत यसको पक्षमा गरिएको प्रतिक्रिया पनि त्यसको एउटा कारण थियो । चुनाव चिह्न सिट्ठी, प्रचारमा सामान्य पहिरन, फिल्मी शैलीको डबल बडी उपयोग र फ्यान ग्रुपको सामाजिक सञ्जाल परिचालन सबै चुनावी रणनीतिका नवप्रयोग थिए । चुनावी अभियान आफैंमा सामाजिक आन्दोलन बन्यो, उनको उम्मेदवारी धेरै युवाको मतदानको कारण बन्यो । यसअघिका एमजी रामचन्द्रनन र जयललिता पनि आफ्नो अवधिमा प्रिय नै थिए, तर उनीहरूले उठाएका चुनावी मुद्दा र शैली थोत्रा भइसकेका थिए । राजनीतिमा ताजा सुरुवातको खास अर्थ हुन्छ भन्ने मज्जाले पुष्टि भयो ।



> पछिल्लो समयमा प्रतिरोधी स्वरका छवि बनाएकाहरूले पर्दामा जस्तै वास्तविकतामा पनि समाज बोक्न सक्छन् भन्ने स्थापित हुँदै छ । इतिहास बनाउनेहरू इतिहास दोहोऱ्याउँदैनन्, तोडेर ताजा सुरुवात गर्छन् भन्ने देखिएको छ । ममदानी, बालेन र थलापतिको साझापन यही हो ।

रंग र कला क्षेत्रका सेलिब्रेटीहरू राजनीतिमा तहल्कासाथ प्रवेश भएका कैयन उदाहरण भए पनि दुवैतिर 'ब्लकबस्टर' भएका उदाहरण थोरै छन् । पप संस्कृतिका आइकन विख्यात लेखक विन्स्टन चर्चिल दुवैतिर सफल मानिन्छन् । उनी विश्वकै प्रभावशाली प्रधानमन्त्री बने । उनी नोवेल पुरस्कारविजेता साहित्यकार पनि हुन् । अमेरिकाका ४०औं राष्ट्रपति रोनाल्ड रेगन हलिउडका चर्चित अभिनेता थिए । उनले राजनीतिमा पनि 'रेगन एरा' स्थापित गरे, उनको विचार 'रेगनोमिक्स' बन्यो । इन्स्टाग्राम युगका पहिलो प्रधानमन्त्री जस्टिन ट्रुडो क्यानडाका सेलिब्रेटी पहिचानमा थिए । बबी वाइनबाट परिचित युगान्डाका पपस्टार क्यागुलानी सेन्टामु प्रधानमन्त्री बने । क्रुज गायक मेडिया टाइकुन सिल्भिओ बुर्लोन्स्की इटालीमा तीनपटक प्रधानमन्त्री बने । क्रिकेट स्टार इमरान खानले पाकिस्तानी अधिनायकीलाई जेलबाटै हल्लाइदिए । टेलिभिजनमा राष्ट्रपतिको अभिनय गर्ने भोलोदिमिर जेलेन्स्की युक्रेनका वास्तविक राष्ट्रपति बने, अपरिपक्व तर साहसी कामले अहिले पनि सर्वाधिक चर्चामा छन् उनी । भिडलाई सधैं भोटमा बदल्न सकिन्छ भन्ने पनि होइन, दर्शक कमाएर मत नकमाएका उदाहरण शिवाजी गणेशन हुन् । सधैं दर्शकको मन जितेले राजनीतिक 'प्लेटफार्म' जित्छन् भन्ने पनि होइन, बलिउड महानायक अमिताभ बच्चन चुनाव जितेर पनि राजनीति हारे, बुझे राजीनामा दिए । सेलिब्रेटीको अनुहार निश्चित अवधिसम्म मात्र चम्किलो हुन्छ, जसले दृष्टिकोण, सामाजिक मुद्दा र कलाकारिता एकसाथ संयोजन गर्न सके ती भने कलामा जसरी नै राजनीतिका पनि 'सुपरस्टार' बने, फिल्मजस्तै राजनीतिक अभियान पनि ब्लकबस्टर बन्यो । पछिल्ला समयमा प्रतिरोधी स्वरका छवि बनाएकाहरूले पर्दामा जस्तै वास्तविकतामा पनि समाज बोक्न सक्छन् भन्ने स्थापित हुँदै छ । इतिहास बनाउनेहरू इतिहास दोहोऱ्याउँदैनन्, तोडेर ताजा सुरुवात गर्छन् भन्ने देखिएको छ । ममदानी, बालेन र थलापतिको साझापन यही हो ।

ममदानीले विरासत विषयान्तर मध्यमवर्गीय युवाको दैनिकीका स्वरहरू उठाए । न्युयोर्कलाई मध्यमवर्ग बस्नसक्ने सहर बनाउने दृष्टिकोण राखे । 'ट्रिस्ट टु डेस्टिनी'को शताब्दीपछिको रूप किनाराकृत स्वरबाट राष्ट्रको आत्मा बन्यो । बालेनको ज्यापले बेथितिविरुद्धको आक्रमण बोल्यो, तर त्यसको विस्तृति चुनावी अभियानमा देखियो । राजनीतिमा नयाँ मुद्दा जहिले पनि छन् र तिनलाई उठाएर जनतासामु पुऱ्याएर विश्वास जित्न बाँकी छ भन्ने थलापति सामाजिकताको पहिचान स्थापित गर्ने अभियानमा देखिए । ममदानी, बालेन र थलापतिले प्रतिरोधी स्वरलाई एकट्ठा गरेका हुन् । 'लाइमलाइट'को छविले प्रतिरोधी स्वर उठाउन बेस्सरी सघायो । निजत्वको आनन्द, सामाजिकता र भावनाको संयोजनले सर्वसाधारणले विश्वास गरे । अझै नदेखिएको कुरा के हो भने राजनीति जनस्तरमा पुगेको छैन । हिजोका 'नेपोबेबी'हरू तथा सम्भ्रान्तहरूकै पकडमा राजनीति जाने प्रवृत्ति देखिएको छ । सर्वसाधारण तहबाट आफ्ना आवाज उठाउन पनि अर्को वर्गको सहारा कहिलेसम्म लिनुपर्ने हो ?

सर्वसाधारणको मन जित्दैमा राजनीतिमै आउनुपर्छ भन्ने पनि होइन । यस्ता कैयौं उदाहरण छन् जसको कर्म नै अभियान बनेको छ, जसले पेसाको अर्थ र आयतन बढाएका छन्, तर राजनीतिको विभाजनमा भन्दा सम्पूर्णताको परिचायक बने र राजनीति बदल्न सबैको सिम्बोल बने । गत साल अस्ताएका आसामी अभियन्ता जुबिन गर्ग सबै आसामी र उल्फा विद्रोहीको समेत साझा स्वर थिए । विचारक, स्रष्टा, कलाकार, खेलाडी, कन्टेन्ट निर्माता, आविष्कारक, व्यवसायी, कृषक, प्रशासक र उद्यमीहरू आ-आफ्ना कर्मबाट जनभावनालाई राजकीय प्रक्रियामा जोडिरहेका छन् । उनीहरूको अभियानले राजनीतिको परिभाषा र स्वरूप फेरिँदै गएको छ ।

राजनीति र परिभाषाहरू परिवर्तनको चाहचेतका साथ गतिशील प्रवेगमा रहन्छन् । भाषा, संस्कृति, कला, विद्वत्ताले सामाजिक संकेत टिप्न जसरी सघाउँछन्, नतिजामा पुऱ्याउन त्यसरी नै सक्दैनन् । त्यसका लागि सचेत कार्य चाहिन्छ । प्रचारमुखी काम होइन, काम सिर्जना गर्ने काम चाहिन्छ । नयाँका नाममा संस्था र स्वाभिमानका मूल्य भत्किएलान् कि भन्ने भय छ, परिपक्वता चाहिन्छ । अनि मात्र उनीहरूलाई हेर्न आएको दर्शकको भिड र तालीको गडगडाहटले स्थायित्व पाउँछ, त्यो पनि निरन्तर प्रवर्तनकारितासाथ काम गरेपछि मात्र ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना निर्देशक **मचाकाजी महर्जन**लाई



होल्डिङ सेन्टरहरूमा राखिएका सुकुमवासीहरूको व्यवस्थापन कसरी भइरहेको छ ?

होल्डिङ सेन्टरहरूमा राखिएका परिवारका सदस्यहरू काममा जानुहुन्छ भने उहाँहरूलाई रोकिएको छैन । उहाँहरू बिहान सेन्टरमै खाना खाई काममा जानुहुन्छ । बेलुकाको खानाको पनि सेन्टरमै व्यवस्था हुन्छ । दिउँसो सेन्टरमै बस्नेहरूका लागि खाजाको पनि व्यवस्था गरिएको छ । बिरामी भएका या कुनै दुर्घटनामा परेकाहरूको उपचारको पनि व्यवस्था गरेका छौं । नियमित औषधि सेवन गर्नुपर्नेहरूको चाहिँ छिटफुट रूपमा औषधि सेवन गर्न नपाएका गुनासा सुनिएका छन् । तर, हामीलाई पहिल्यै जानकारी गराउनुहुनेहरूका हकमा त्यस्तो समस्या छैन, तर हामीलाई जानकारी नभएको अवस्थामा कहींकतै त्यस्तो समस्या रहेछ भने त्यसमा पनि सहजीकरण गरिरहेका छौं । कसैमा मानसिक तनाव बढेको देखिएमा काउन्सिलिङ पनि गराउँदै छौं । देखिएका समस्यालाई क्रमशः सल्टाउँदै छौं ।

होल्डिङ सेन्टरमा रहेकाहरूले स्वास्थ्यमा असर परेकोदेखि रोजगारीमा समेत असर परेको गुनासो गरेका छन् नि ?

यस्ता गुनासा यदाकदा सुनिन्छन् । कसैमा समस्या छ भने उहाँहरूले हामीलाई प्रस्ट भन्नुपर्छ । हामीले अनुगमन गरिरहेका छौं । मानवीय सेवा-सुविधामा कुनै कन्जुस्याइँ गरेका छैनौं । बालबालिकाले स्कुल जान नपाएको गुनासो पनि आइरहेको छ । तर, राधास्वामीमा राखिएका बालबालिकाको शिक्षाको जिम्मा काठमाडौं महानगरपालिकाले लिएको छ । केही होल्डिङ सेन्टरका बालबालिका स्कुल जान थालिसकेका छन् । केहीका बालबालिकाका लागि पनि स्कुलहरूसँग कुराकानी भइरहेको छ ।

वास्तविक सुकुमवासीको पहिचान कहिलेसम्म भइसक्ला ?

सरकारले छिटो रिजल्टका लागि ताकेता गरिरहेको छ । हामीले पहिलो चरणको स्क्रिनिङ सकिसकेका छौं । अहिले दोस्रो चरणमा सम्बन्धित व्यक्तिको परिवारका सम्पूर्ण सदस्यको डाटा लिएर त्यसलाई डाटाबेसमा राख्ने काम सुरु गरेका छौं । यो छिट्टै टुंगिन्छ र त्यसपछि हामी पहिचान भएका परिवारको व्यवस्थापन गर्ने चरणमा प्रवेश गर्नेछौं ।

प्रेरक प्रसंग

बालक र चेख खेल

एक बालक सानैदेखि चेस खेलमा अत्यन्त रुचि राख्थे । उनलाई चेस खेल्नबाहेक अरू केही पनि आउँदैनथ्यो । उनी चेस खेलसँगै कुनै राम्रो शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गर्न चाहन्थे । उनले एउटा चर्चित विद्यालयबारे सुनेका थिए ।

एक दिन बालक विद्यालय गए र प्राचार्यसित आफूलाई विद्यालयमा भर्ना लिन अनुरोध गरे । प्राचार्यले भने– भर्ना हुन तिमीसित केही विशिष्ट गुण जरुरी छ । तिमी नै भन, तिमीसित कुन गुण छ ? बालकले नम्रतापूर्वक भने– मलाई चेस खेल्नबाहेक केही आउँदैन । प्राचार्यले भने– चेस खेल्न जान्दैमा यहाँ भर्ना हुन पाइन्न । बालकले पटक-पटक आफूलाई भर्ना लिइदिन अनुरोध गरिरहे । अन्त्यमा प्राचार्यले भने– ठिकै छ, तिमीले हाम्रो विद्यालयका सबैभन्दा दक्ष खेलाडीलाई चेसमा जित्यौ भने मात्र प्रवेश पाउँछौ । विद्यालयका सबैभन्दा दक्ष चेस खेलाडीलाई बोलाएर प्राचार्यले थप सर्त राखे– हेर बालक, तिमीले जित्यौ भने यस स्कुलमा भर्ना पाउँछौ र हार्नेलाई विद्यालयबाट निष्कासन गरिनेछ ।

खेल सुरु भयो । बालकले होसियारीसाथ खेल अघि बढाए । खेल निकै रोचक र प्रतिस्पर्धात्मक हुँदै गयो । तर, विद्यालयका खेलाडीलाई आफूले बालकसित हार्ने हो कि भन्ने चिन्ता लाग्न थाल्यो । हारियो भने त विद्यालयबाट निकालिनुपर्छ भन्ने सोचेर उनी चिन्तित देखिन थाले । बालकले पनि उनको मनोदशा बुझे । त्यसपछि उनले मनमनै सोचे– मैले जितैं भने स्कुलले चेसबाहेक अरू केही नजान्ने विद्यार्थी पाउनेछ भने एक योग्य विद्यार्थीको भविष्य चौपट हुनेछ ।

त्यसपछि उनी हार्नका लागि खेल्न थाले । यो सबै हेरिरहेका प्राचार्यले बालकको मनोभाव बुझे । बालकले जित्नका लागि होइन, अब हार्नका लागि खेलिरहेका छन् भन्ने उनले बुझे । त्यसैले उनले चेस बोर्ड हटाए र भने– बालक, तिमीले चेस खेलबाहेक पनि अरू धेरै कुरा सिकेका रहेछौ । तिमी जित्न पनि चाहन्छौ, त्यसका लागि सक्षम पनि छौ । तर, तिमी आफ्नो जितसँगै अरूको अस्तित्व मेटाउन पनि चाहँदैनौ । अरूका लागि यसरी त्याग गर्न तयार हुने बालक हाम्रो स्कुलका लागि आवश्यक छ । तिमी भर्नाका लागि योग्य छौ । तिमीलाई हाम्रो विद्यालयमा स्वागत छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राष्ट्रपति पदको मर्यादा हुँदैन ?

एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरेको समाचार पढियो । एमालेले जसको सदस्यता नवीकरण गरे पनि हामी नेपाली जनतालाई केही फरक पर्दैन । भविष्यमा पार्टी नेतृत्वमा ओली या भण्डारी जोसुकै आए पनि हामीलाई त्यसको कुनै चासो छैन । तर, देशको सर्वोच्च पद राष्ट्रपति बनिसकेको सबै नेपालीको साझा अभिभावक बनिसकेको व्यक्ति यसरी पुनः सक्रिय राजनीतिमा फर्किनु भनेको राष्ट्रपति पदकै अवमूल्यन हो । उनीभन्दा अघिका राष्ट्रपति डा. रामवरण यादव सक्रिय राजनीतिमा फर्किएननु । अहिले आएर राजनीतिमा नफर्की नहुने गरी के विपत्ति आइपरेको थियो र ? के राष्ट्रपति पदको कुनै मर्यादा हुँदैन हो ?

● **सुमन राई**, गोदावरी, ललितपुर

सकारात्मक सुझाव

सरकारी समितिले जबर्जस्ती करणी र त्यसपछि हुने हिंसा, यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध हुने कसुरमा संलग्न पीडकलाई सजाय तथा पीडितलाई दिलाउन विद्यमान कानुनमै सुधार गर्नुपर्ने प्रस्ताव अघि सारेको रहेछ । यति जघन्य अपराधमा पीडितलाई न्याय दिलाउन हाम्रा कानुनमा कमजोरी छन् या त्यस्ता अपराधका पीडितलाई न्याय दिलाउन विद्यमान कानुन नै बाधक छन् भने तिनलाई तत्काल सच्याउन जरुरी छ । सरकारले समितिको सिफारिसलाई कार्यान्वयन गरी कानुनमा सुधार गरोस् ।

● **गौरी रूपाखेती**, जैसीदेवल, काठमाडौं

सबैको रकम फिर्ता गरियोस्

सरकारले समस्याग्रस्त सहकारीपीडितको बचत फिर्ता अभियान सुरु गरेको समाचार पढियो । हुँदै नहुनुभन्दा यो निकै सकारात्मक अभियान हो । तर, खर्बभन्दा बढी रकम फसेका सहकारीमा केही करोड रकम फिर्ता गर्नुलाई नै सफलता मानेर खुसी हुन सकिन्न । सरकारले समस्याग्रस्त सहकारीबाट ऋण लिने ऋणीहरू खोजेर तिनीहरको धितो लिलाम गरी पीडितको रकम फिर्ता गराउनुपर्छ । साथै, सहकारीको रकम हिनामिना गर्ने सञ्चालकहरूको चलअचल सम्पत्ति पनि लिलाम गर्नुपर्छ ।

● **यशोदा काफ्ले**, ग्वार्को, ललितपुर

पीडितका पीडा कसले सुन्ने ?

सरकारले एकाएक बसिरहेको बास भत्काएर होल्डिङ सेन्टरमा लगेर राखेका सुकुमवासीहरू यतिखेर निकै पीडामा देखिन्छन् । सरकारले वास्तविक सुकुमवासी पहिचान गरी तिनको व्यवस्थापन गरिने बताइरहेको छ भने सुकुमवासीहरू भने आफूहरूलाई सरकारले जबर्जस्ती उठाएर होल्डिङ सेन्टरका नाममा बन्दी बनाएको गुनासो गरिरहेका छन् । सरकारले नउठाउनु बस्ती उठाइसकेपछि अब तिनको छानबिन र वर्गीकरण छिटो सकेर तिनको दीर्घकालीन बसोवासको व्यवस्था मिलाउनुपर्छ । यसका लागि सरकारले सर्वप्रथम सक्कली सुकुमवासी र नक्कली सुकुमवासी पहिचान गर्न 'स्क्रिनिङ' गर्नु जरुरी छ । यसका लागि लामो समय लिनु भनेको घरबासविहीन सुकुमवासीलाई थप पीडा दिनु हो । त्यसैले, सरकारले तत्काल सुकुमवासीको स्क्रिनिङ सकेर सक्कली र नक्कली सुकुमवासी पहिचान गर्नुपऱ्यो । त्यसपछि मात्र उसले कसलाई कहाँ र कुन विधिबाट जमिन उपलब्ध गराउने भनेर योजना बनाउनुपऱ्यो । यसरी बन्दी बनाएको अवस्थामा रहेका सुकुमवासीलाई सधैं अलपत्र छाडेर हुँदैन ।

यतिखेर सुकुमवासी बस्तीका बिरामी, सुत्केरी, गर्भवती, वृद्धवृद्धा र बालबालिका बढी मारमा परेका छन् । मिर्गौला डायलाइसिस गर्नुपर्ने रोगीले समयमा सेवा पाएका छैनन् । त्यसैगरी, विभिन्न दीर्घरोगसम्बद्ध औषधि सेवन गर्नुपर्नेहरू पनि साँच्चै मारमा परेका छन् । दैनिक ज्यालादारीमा काम गरेर परिवार पाल्नुपर्नेहरूले कामकाज गुमाउनुपरेको छ । बालबालिकाले विद्यालय छाड्नुपरेको छ । त्यसैले, भविष्यमा यस्ता होल्डिङ सेन्टर यातनागृह नबनून् भन्ने हो भने छिटोभन्दा छिटो यो समस्या टुंग्याउनु नै यसको सही समाधान हो ।

● **भूमिका विक**, कालोपुल, काठमाडौं

इबोला महामारीले निम्त्याएको स्वास्थ्य आपत्काल

इबोला संक्रमणबाट अहिलेको मृत्युदर लगभग ४० प्रतिशतभन्दा कम भए पनि खोप नभएकाले यसलाई बढी खतरनाक मानिन्छ



देश/विदेश

● थोमस जेफ्रिज

(जेफ्रिज वेस्टर्न सिड्नी युनिभर्सिटीका वरिष्ठ उपप्राध्यापक हुन्)

यसै साता विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले अफ्रिकामा इबोलाको प्रकोपलाई 'अन्तर्राष्ट्रिय चिन्ताको सार्वजनिक स्वास्थ्य आपत्काल' घोषणा गऱ्यो । हालसम्म मध्य-अफ्रिकी देश युगान्डा र पूर्वी-अफ्रिकी देश प्रजातान्त्रिक गणतन्त्र कंगोमा ३३६ जना संक्रमित भइसकेका छन् । कम्तीमा ८८ जनाको मृत्यु भइसकेको छ । इबोला ओर्थोइबोलाभाइरस भनिने भाइरसहरूको समूहबाट संक्रमण हुन्छ । प्रकोपका लागि जिम्मेवार भाइरसको स्ट्रेन (भाइरसको आनुवंशिक रूप वा उपप्रकार) 'बुन्डिबुग्यो' दुर्लभ छ । यसको फैलावटबाट मानिसलाई बचाउन कुनै खोप छैन, जसले गर्दा यो विशेष गरी खतरनाक छ ।

जब कुनै गम्भीर, अचानक, असामान्य वा अप्रत्याशित प्रकोप सुरु हुन्छ र जसको फैलावट कम गर्न अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक पर्छ डब्लुएचओले अन्तर्राष्ट्रिय चिन्ताको सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गर्छ । डब्लुएचओले पहिले मंकिपक्स, कोभिड, जिका, पोलियो र स्वाइन फ्लुजस्ता प्रकोपको समयमा सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरिसकेको छ ।

■ कहिले फैलियो यो महामारी ?

प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)मा यो भाइरस पहिलोपटक पत्ता लागेको थियो र मे १५ मा बुन्डिबुग्यो स्ट्रेनका रूपमा पुष्टि भएको थियो । यो रोग युगान्डामा फैलिएको थियो । राजधानी कम्पालामा दुईजनामा संक्रमण देखिएको थियो । कंगोको सबैभन्दा बढी जनसंख्या भएको सहर किन्सासामा हालै देखिएको एक शंकास्पद केसमा पोजेटिभ देखिएको थिएन, तर किन्सासामा पनि यसको प्रकोप आउन सक्ने सम्भावना भने देखिन्छ । डब्लुएचओले प्रकोपको वास्तविक मात्रा हालको तथ्यांकले औंल्याएभन्दा ठुलो हुन सक्ने चेतावनी दिएको छ ।

■ यो कसरी फैलियो ?

सुरुमा अफ्रिकामा फलफूल खाने चमेरोमार्फत भाइरस संक्रमण सरेको देखिन्छ । चमेरोबाट बाँदर, लंगुर र मृगमा संक्रमण सरेको अनुमान छ । यो संक्रमण पहिलोपटक सन् १९७६ मा डिआरसीमा पहिचान गरिएको थियो । अहिले देखिएको इबोला प्रकोपको लहर १७औं हो । सबैभन्दा खराब प्रकोप २०१४-१६ पश्चिम अफ्रिकी महामारी थियो, जुन जायर स्ट्रेनका कारणले भएको थियो र ११ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । यो भाइरस संक्रमित व्यक्तिको शारीरिक तरल पदार्थ, जस्तै रगत, दिसा वा बान्तासँग प्रत्यक्ष सम्पर्कमार्फत मानिसबाट मानिसमा फैलिन्छ । स्वास्थ्य सेवाकर्मी र हेरचाहकर्ताले संक्रमणको उच्चतम जोखिमको सामना गर्छन् ।

■ के हुन् लक्षण ?

इबोला रोगका लक्षण अचानक देखिन सक्छन् र यसमा ज्वरो, थकान, अस्वस्थता, मांसपेशी, टाउको र घाँटी दुखाइ आदि पर्छन् । त्यसपछि बान्ता, पखाला, पेट दुख्नुका साथै मिर्गौला र कलेजोले काम गर्न छोड्छ । केही अवस्थामा रक्तस्रावसमेत हुन्छ । समग्रमा इबोला संक्रमितमध्ये लगभग ५० प्रतिशत मानिसको मृत्यु हुने गर्छ । मृत्युदर स्वास्थ्य सेवाको पहुँचमा पनि निर्भर हुन्छ । संक्रमणबाट अहिलेको मृत्युदर लगभग ४० प्रतिशतभन्दा कम छ । यद्यपि, खोप नभएकाले यसलाई बढी खतरनाक मानिन्छ ।

■ खोपको अवस्था के छ ?

इबोलाका लागि दुईवटा स्वीकृत खोप छन् । एउटा, 'एर्भेबो' हो, जसलाई २०१५ मा जारी गरिएको थियो र २०१८-२०२० को डिआरसी प्रकोपको समयमा तीन लाख ४५ हजार मानिसलाई प्रदान गरिएको थियो । यसले इबोला भाइरसको प्रोटिन प्रयोग गरेर हाम्रो प्रतिरक्षा प्रणालीलाई भाइरस पहिचान गर्न र प्रतिक्रिया दिन तालिम दिन्छ ।

बुन्डिबुग्यो स्ट्रेनका लागि कुनै विशेष उपचार छैन । रक्तचाप र हाइड्रेसन कायम राख्ने, बान्ता र पखाला कम गर्ने र ज्वरो र दुखाइ व्यवस्थापन गर्नेजस्ता लक्षण व्यवस्थापन गर्ने कुरामा उपचारकेन्द्रित छ । डब्लुएचओको इबोला निगरानी रणनीतिमार्फत जनस्वास्थ्य प्रतिक्रिया निरीक्षण गरिन्छ ।

प्रसारण रोक्न सामुदायिक सञ्चार, द्रुत निदान, आइसोलेसन, कन्ट्याक्ट ट्रेसिङ र सुरक्षित दाहसंस्कारजस्ता उपाय अपनाइन्छ । कन्ट्याक्ट ट्रेसिङमा लक्षणात्मक केससँग प्रत्यक्ष शारीरिक सम्पर्क भएका सबैलाई पहिचान गर्ने, २१ दिनसम्म दैनिक निगरानी गर्ने र लक्षण देखिने जोकोहीलाई पनि आइसोलेसनमा राख्ने र परीक्षण गर्ने व्यवस्था समावेश छ ।

परीक्षणमा कोभिडमा जस्तै भाइरल कणहरू पत्ता लगाउन पिसिआर र द्रुत एन्टिजेन परीक्षण (आरएटी) प्रयोग गरिन्छ । यद्यपि, स्थानीय द्वन्द्व, गरिबी र कठिन भूभाग मिलेर बनेका क्षेत्रले व्यवस्थापनलाई चुनौतीपूर्ण बनाउँछन् ।

■ के हामी चिन्तित हुनुपर्छ ?

प्रकोपको केन्द्रबिन्दु द्वन्द्व प्रभावित जनघनत्वको चाप भएको, इटुरी प्रान्तको खानी क्षेत्र हो । कामदारहरू नियमित रूपमा स्वास्थ्य क्षेत्र र सिमाना पार गर्छन्, जसले गर्दा फैलावटको जोखिम बढ्छ । प्रकोपबाट कम्तीमा चार स्वास्थ्य सेवाकर्मीको मृत्यु भएको छ । सीमा बन्द गरिहाल्नुपर्ने कुनै आवश्यकता छैन, तर अधिकारीले डिआरसी र युगान्डालाई कन्ट्याक्ट ट्रेसिङ बढाउन र प्रयोगशाला परीक्षण बढाउन सिफारिस गरेका छन् ।

अस्ट्रेलियामा प्रत्यक्ष जोखिम कम छ र डब्लुएचओले यात्रा प्रतिबन्ध नलगाउन सुझाव दिएको छ । अस्ट्रेलियाली सीमा अधिकारीले इबोला प्रभावित क्षेत्रबाट फर्कनेहरूले रिपोर्ट गर्न अनिवार्य गरेका छन् । यो द्रुत रूपमा विकसित भइरहेको अवस्था भएकाले, हालका प्रतिबन्धहरू र क्वारेन्टाइनसम्बन्धी निर्देशनसँग अद्यावधिक रहनु महत्त्वपूर्ण छ ।

कन्भर्सेसनबाट

सरकारले ऋण लिएको रकम तलब-भत्ता र ऋण तिर्नमै खर्च



सार्वजनिक ऋण पौने ३० खर्ब पुग्यो

नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण पौने ३० खर्ब पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा सरकारले भुक्तान गर्न बाँकी सार्वजनिक ऋण २९ खर्ब ७५ अर्ब चार करोड रुपैयाँबराबर पुगेको हो। यो कुल गार्हस्थ्य उत्पादनको ४५.०८ प्रतिशतबराबर हो। कार्यालयका अनुसार गत असार मसान्तसम्ममा तिर्न बाँकी ऋण २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ रहेको थियो। चालू आवको १० महिनामा तीन खर्ब ९९ करोड रुपैयाँ ऋण थपिएको हो। अब नेपालले तिर्न बाँकी आन्तरिक ऋण १३ खर्ब ८१ अर्ब २२ करोड र बाह्य ऋण १५ खर्ब ९३ अर्ब ८१ करोड रुपैयाँ पुगेको हो। समीक्षा अवधिमा सरकारले ऋण सेवामा दुई खर्ब ९२ अर्ब ५२ करोड रुपैयाँ खर्चिएको छ। जुन कुल गार्हस्थ्य उत्पादनको ४.४३ प्रतिशतबराबर हो। यस अवधिमा सरकारले ऋणको साँवा भुक्तानीमा दुई खर्ब ३१ अर्ब ९२ करोड र ब्याज भुक्तानीमा ६० अर्ब ५९ करोड खर्चिएको कार्यालयको तथ्यांक छ।

नयाँ पत्रिका

सरकारले सार्वजनिक ऋण उठाएको रकम तलब-भत्ता खानदेखि ऋण तिर्नमै खर्च भएको देखिएको छ। दीर्घकालीन भार पर्ने गरी उठाइएको ऋण पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा चालू शीर्षकमा खर्च गरिएको महालेखा कार्यालयको पछिल्लो प्रतिवेदनले देखाएको हो।

महालेखाले सार्वजनिक ऋण पुँजी निर्माण तथा रोजगारी सिर्जनामा मात्रै उपयोग गरिनुपर्नेमा अन्य ठाउँमा खर्च भएको भन्दै औँल्याएको हो। महालेखाका अनुसार अघिल्लो आव ०८१/८२ मा सार्वजनिक ऋणबाट उठाइएको रकम कर्मचारीसम्बन्धी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालनजस्ता चालू शीर्षकमा खर्च भएको देखिएको हो। त्यसलाई रोक्नुपर्ने महालेखाले औँल्याएको छ।

महालेखाको तथ्यांकअनुसार गत आवमा कुल प्राप्त ऋणको ३५.३ प्रतिशत रकम चालू प्रकृतिका कार्यमा खर्च गरिएको छ। ऋणबाट उठेको कुल तीन खर्ब ८१ अर्ब एक करोड रकममध्ये एक खर्ब ३४ अर्ब ४८ करोड रुपैयाँ चालू तथा प्रशासनिक कार्यमा खर्च गरिएको छ।

आव ०८१/८२ को कुल खर्च १५ खर्ब १३ अर्ब २५ करोडमध्ये आन्तरिक राजस्वबाट ७३.०२ प्रतिशत अर्थात् ११ खर्ब चार अर्ब ९५ करोड खर्च भएको थियो। त्यस्तै, आन्तरिक ऋणबाट १६.७८ प्रतिशत अर्थात् दुई खर्ब ५३ अर्ब ९२ करोड, वैदेशिक ऋणबाट ८.४१ प्रतिशत अर्थात् एक खर्ब २७ अर्ब २६ करोड र अनुदानबाट १.७९ प्रतिशत अर्थात् २७ अर्ब १८ करोड व्यहोरिएको तथ्यांक छ।

महालेखाका अनुसार आन्तरिक राजस्वबाट सात खर्ब ८७ अर्ब १७ करोड ६७ लाख चालू र १८ अर्ब २९ करोड १७ लाख पुँजीगत खर्च भएको छ। त्यस्तै, आन्तरिक ऋणबाट एक खर्ब ३१ अर्ब ३९ करोड ४० लाख चालू खर्च भएको छ। बाह्य ऋणबाट ७७ अर्ब २१ करोड ४१ लाख पुँजीगत खर्च व्यहोरेको देखिन्छ। चालू खर्चमा बाह्य ऋणको अंश २.४३ प्रतिशत र पुँजीगत खर्चमा ३४.४७ प्रतिशत रहेको महालेखाको तथ्यांक छ। महालेखाले भनेको छ, 'दीर्घकालीन पुँजी निर्माण गर्ने उच्च प्रतिफल दिने, पूर्वाधार तथा उत्पादनशील क्षेत्र तथा रोजगारी सिर्जना गर्ने आयोजना तथा कार्यक्रममा मात्र सार्वजनिक ऋणको उपयोग गर्ने स्पष्ट मापदण्ड निर्धारण गरी सोअनुरूपमा कार्यान्वयन गर्नुपर्छ।'

वित्त आयोगको सुझाव- ऋणलाई चालू र प्रशासनिक कार्यमा खर्च नगर्नू

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सरकारलाई आगामी आवका लागि आन्तरिक ऋण उठाउने सीमा सिफारिस गर्दै ऋणको परिचालन चालू र प्रशासनिक खर्चमा नगर्न सुझाएको छ।

वित्त आयोगले आन्तरिक ऋण परिचालनका लागि सरकारलाई आठ सुझावसमेत दिएको छ। आयोगले प्रतिफल दिने आयोजना तथा कार्यक्रममा मात्रै आन्तरिक ऋण परिचालन गर्न सुझाव दिएको छ। त्यस्तै, ब्याजदर न्यून भएका वेला ऋण उठाउन तथा ऋणको रकम चालू र प्रशासनिक कार्यमा खर्च गर्न कडाइ गर्नसमेत आयोगले सुझाएको छ। आयोगले आयोजनाहरूको लागत लाभ विश्लेषण गरी प्रचलित पुँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्न सरकारलाई सुझाव दिएको छ। आयोगले 'आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह मानिने' भन्दै आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ-ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न सिफारिस भएको सीमाअनुसार मात्रै ऋण परिचालन गर्नसमेत सुझाव दिएको छ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमी एन्ड इन्भायरोमेन्ट (सावती)का कार्यकारी निर्देशक पारस खरेलले सार्वजनिक ऋणलाई चालू प्रकृतिका कार्यमा मात्रै खर्च गर्दा त्यसले दीर्घकालमा अझ बढी असर गर्ने बताए। ऋण लिएर विकासका कार्यमा खर्च गर्दाचाहिँ पुँजी निर्माण हुने, आर्थिक गतिविधि बढेर राजस्वको दायर बढ्ने र ऋण तिर्न सक्ने क्षमतासमेत विस्तार हुने उनले बताए। तर, ऋण लिएर तलब-भत्तामै सक्ने हो भनेचाहिँ भोलिका दिनमा ऋण तिर्नसमेत नसक्ने अवस्था आउन सक्ने उनले औँल्याए।

महालेखाले चौथोपटक भन्यो- उद्योगीबाट विद्युत्को बक्यौता असुल गर्नू

प्रशासकीय पुनरावलोकन ब्युँताउन कानुनविज्ञको राय, बोर्डमा एजेन्डा लैजाने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

महालेखा परीक्षकको कार्यालयले उद्योगीहरूले डेडिकेटेड फिडर र ट्रंकबापत प्रयोग गरेको बिजुलीको प्रिमियम बक्यौता असुल गर्नुपर्ने भनेको छ। महालेखाले सार्वजनिक गरेको ६३औँ वार्षिक प्रतिवेदनअनुसार २६ अर्ब तीन करोड बक्यौता असुल गर्नुपर्ने देखिएको छ। महालेखाले ०६०औँ प्रतिवेदनयता हरेक प्रतिवेदनमार्फत यस्तो बक्यौता असुल गर्नुपर्ने भन्दै आएको छ।

प्राधिकरणले असुल गर्नुपर्ने कुल बक्यौता भने ५२ अर्ब एक करोड रहेको महालेखाको भनाइ छ। जसमा सडकबत्तीको सात अर्ब ७३ करोड रहेको छ। काठमाडौं महानगरपालिकाको मात्रै एक अर्ब ९९ करोड बक्यौता छ। बाँकी १८ अर्ब २५ करोड रुपैयाँ भने नियमित बक्यौता नै हो।

'विद्युत् महसुल बक्यौता ५२ अर्ब एक करोड पुगेको छ। उक्त रकममध्ये ट्रंक तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल हुनुपर्ने २६ अर्ब तीन करोड रहेको छ। सो रकम कुल बक्यौताको ५०.०५ प्रतिशत देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'सडकबत्तीको बक्यौता सात अर्ब ७३ करोडमध्ये काठमाडौं महानगरपालिकाको एक अर्ब ९९ करोड असुल गर्न बाँकी देखिन्छ। प्राधिकरणले विद्युत् महसुल संकलन विनियमावली, २०७८ मा तोकिएअनुसार बक्यौता रकम सम्बन्धमा यकिन गरी असुल गर्नुपर्छ।'

महालेखासँगै मन्त्रिपरिषद्, लेखा समिति, विद्युत् नियमन आयोगलगायतका निकायले यो बक्यौता उठाउनुपर्ने भन्दै आएका छन्। प्राधिकरणको विभिन्न बोर्ड बैठकले पनि बक्यौता उठाउने निर्णय गरेर असुलीका लागि ताकेता गरिरहेको छ। तर, उद्योगीले अटेरी गरेका छन्।

महालेखाले ५९ उद्योगको २६ अर्ब तीन करोड बक्यौता देखाए पनि प्राधिकरणको पछिल्लो तथ्यांकअनुसार अब करिब सात अर्ब बक्यौता उठाउनुपर्नेछ। महालेखाले साउन ०७२ देखि पुस ०७२ सम्म, माघ ०७२ देखि वैशाख ०७५ सम्म र जेठ ०७५ देखि जेठ ०७७ सम्मको बक्यौता गणना गरेको देखिन्छ। प्राधिकरणले भने पछिल्लोपटक माघ ०७२ देखि वैशाख ०७५ सम्मको मात्रै बक्यौता उठाउने गरी प्रक्रिया अघि बढाएको छ। त्यसमा ३६ उद्योगको झन्डै सात अर्ब बक्यौता छ। यो बक्यौता तिर्न प्राधिकरणले २८ किस्ताको सुविधा दिने भने पनि उद्योगीले आनाकानी गर्दै आएका छन्।

नयाँ सरकार गठनपछि पनि प्राधिकरणको चेतावनी

नयाँ सरकार गठनसँगै नेपाल विद्युत् प्राधिकरणले गत चैत अन्तिम साता उद्योगीहरूलाई प्रिमियम बक्यौता तिर्न पत्र काटेको थियो। किस्ता नतिरेको अवस्थामा 'विद्युत् संकलन विनियमावली, २०७८' अनुसार कारबाही गरिने चेतावनीसमेत प्राधिकरणले दिएको थियो। तैपनि उद्योगीहरू विद्युत् बक्यौता तिर्न आएका छैनन्।



विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकाल भन्छन्–

पछिल्लोपटक चैत अन्तिम साता पत्र पठाएपछि पनि उद्योगीहरू बक्यौता तिर्ने गरी सम्पर्कमा आएका छैनन्। त्यसमा प्राधिकरणले पनि कुनै कारबाही अघि बढाएको छैन। यसमा सञ्चालक समितिले गर्ने निर्णयका आधारमा थप काम हुनेछ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले पछिल्लो पत्रपछि पनि उद्योगीहरू बक्यौता तिर्न नआएको बताए। 'पछिल्लो पत्रपछि पनि उद्योगीहरू बक्यौता तिर्ने गरी सम्पर्कमा आएका छैनन्। त्यसमा प्राधिकरणले पनि कुनै कारबाही अघि बढाएको छैन,' उनले भने, 'यसमा सञ्चालक समितिले गर्ने निर्णयका आधारमा थप काम हुनेछ।

प्रशासकीय पुनरावलोकन प्रक्रिया ब्युँताउन कानुनविज्ञको राय

यसैबिच स्वतन्त्र कानुनविज्ञले विद्युत् बक्यौता विवादलाई समाधान गर्न प्रशासकीय पुनरावलोकन प्रक्रिया अपनाउन राय दिएका छन्। गत माघमा तत्कालीन ऊर्जामन्त्री अनिलकुमार सिन्हाको अध्यक्षमा बसेको प्राधिकरण सञ्चालक समितिले स्वतन्त्र कानुनविज्ञबाट राय माग्ने निर्णय गरेको थियो। उच्च अदालतबाट अवकाशप्राप्त एक न्यायाधीशसँग राय मागिएको थियो। त्यसमा 'प्रशासकीय पुनरावलोकन समितिमार्फत निर्णय गर्दा उपयुक्त हुने' भन्ने राय प्राप्त भएको प्राधिकरणका एक उच्च अधिकारीले बताए।

'हामीले उच्च अदालतबाट अवकाश भएका एक न्यायाधीशसँग राय माग गरेका थियौँ। त्यसमा प्रशासकीय पुनरावलोकन समितिमार्फत निर्णय गर्दा उपयुक्त हुने भन्ने राय प्राप्त भएको छ,' स्रोतले भन्यो, 'यससम्बन्धी एजेन्डा अबको केही दिनमा सञ्चालक समितिमा पेस हुनेछ।' तर, मंगलबार बसेको प्राधिकरणको सञ्चालक समिति बैठकमा यो एजेन्डा नपरेको स्रोतको भनाइ छ।

यसअघिको प्राधिकरणले गठन गरेको प्रशासकीय पुनरावलोकन समितिले सातबुँदे कारण देखाउँदै पुनरावलोकन प्रक्रिया अघि बढाउन नमिल्ने प्रतिवेदन बुझाएको थियो। २९ चैत ०८१ मा तत्कालीन ऊर्जामन्त्री दीपक खड्काले तत्कालीन सञ्चालक श्यामकिशोर यादवको संयोजकत्वमा पुनरावलोकन समिति बनाएका थिए। त्यसमा ४६ उद्योगले आवेदनसमेत दिएका थिए। तर, त्यो समितिले ८ असोजमा सातबुँदे कारण देखाउँदै पुनरावलोकन प्रक्रिया अघि बढाउन नसकिने प्रतिवेदन बुझाएको थियो। त्यसकै आधारमा १० असोजमा तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले बक्यौता उठाउने निर्णय गरेको थियो।

यी हुन् बक्यौता तिर्नुपर्ने उद्योग र बक्यौता रकम

- **उदयपुर सिमेन्ट** – २ करोड ५५ लाख १० हजार
- **हेटौँडा सिमेन्ट** – ३३ करोड ८० लाख ८६ हजार
- **शुभ श्री अग्नि सिमेन्ट** – ७७ लाख ६३ हजार
- **सर्वोत्तम सिमेन्ट** – १० करोड ८१ लाख १० हजार
- **लक्ष्मी स्टिल** – २२ करोड ९ लाख ३५ हजार
- **सम्राट सिमेन्ट**– २ करोड ८३ लाख ३० हजार
- **रोल्पा सिमेन्ट**– ७७ लाख ८८ हजार
- **शुभ लक्ष्मी पोलिमर्स** - २ लाख ८३ हजार
- **विनायक स्पात प्रालि** - ५ लाख ८१ हजार
- **जिबी टेक्सटाइल १** - ३२ लाख ८१ हजार
- **जिबी टेक्सटाइल २** – १२ लाख नौ हजार
- **नारायण रबर उद्योग** – ६ लाख ५४ हजार
- **अशोक स्टिल** – १६ करोड ९५ लाख १४ हजार
- **हुलास स्टिल** – १३ करोड ६१ लाख ६२ हजार
- **हामा आइरन** – ५ करोड ६४ लाख २८ हजार
- **घराना फुड्स** – १ करोड ८० लाख ९९ हजार
- **सिद्धार्थ पेटप्लास्ट** – १ करोड ७६ लाख ३३ हजार
- **गोयन्का फुड्स** – १ करोड ४२ लाख ३९ हजार
- **श्याम प्लास्टिक उद्योग** – ४७ लाख ३४ हजार
- **पञ्चकन्या प्लास्टिक** – २३ लाख ७५ हजार
- **पञ्चकन्या स्टिल** – ५० लाख ३२ हजार
- **एसआर फुड्स** – १ करोड ४३ लाख २४ हजार
- **भलबारी स्वचालित** – २८ लाख ८६ हजार
- **एसआर स्टिल** – १५ लाख ६६ हजार
- **एभरेस्ट रोलिङ मिल** – १६ लाख ९५ हजार
- **त्रिवेणी सिन्थेटिक यार्न** – ४ करोड २४ लाख १२ हजार
- **हिमाल आइरन एन्ड स्टिल** – १३ करोड ४० लाख ५१ हजार
- **शिवम् सिमेन्ट** – ६४ करोड ४९ लाख ९८ हजार
- **सोनापुर मिनरल एन्ड आयल** – २३ करोड ४३ लाख २० हजार
- **कसमस सिमेन्ट फ्याक्ट्री** – ९ करोड ४२ लाख ३५ हजार
- **घोराही सिमेन्ट उद्योग** – ४९ करोड ३ लाख ७३ हजार
- **अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज** – ४३ करोड २४ लाख १७ हजार
- **त्रिवेणी स्पिनिङ मिल्स** – ३० करोड ९५ लाख २२ हजार
- **विशाल सिमेन्ट इन्डस्ट्रिज** - ३ करोड २३ लाख २८ हजार
- **जगदम्बा स्टिल प्रालि** - १ अर्ब ५४ करोड ४६ लाख ३४ हजार
- **जगदम्बा सिन्थेटिक** – १९ करोड ७७ लाख २० हजार
- **रिलायन्स स्पिनिङ मिल्स** – ७२ करोड ६१ लाख ८४ हजार
- **मारुती सिमेन्ट** – ५७ करोड ४५ लाख
- **अरिहन्त मल्टिफाइबर लि** – ११ करोड ५३ लाख
- **युनाइटेड सिमेन्ट प्रालि** – ११ करोड ३७ लाख
- **रघुपति जुट मिल** – ८ करोड ५१ लाख
- **अरिहन्त पोलिप्याक लि** – ६ करोड ६२ लाख
- **बाबा जुट मिल** – २ करोड ४९ लाख
- **बुटवल सिमेन्ट** – १८ करोड ४५ लाख
- **एभरेस्ट पेपर मिल** -९ करोड ४४ लाख
- **निगाले सिमेन्ट प्रालि** – ५ करोड ८१ लाख

आगामी आवका लागि गण्डकीको बजेट सिलिङ २८ अर्ब ७० करोड

चालू आवको बजेट ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार

कास्की/ गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि २८ अर्ब ७० करोडको सिलिङअनुसार बजेट निर्माणको काम सुरु गरेको छ। गण्डकीको चालू आवको बजेट ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार छ। बजेटमा चालूतर्फ १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार (३९.५ प्रतिशत) पुँजीगततर्फ १९ अर्ब नौ करोड ३३ लाख २४ हजार (५९.७ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात् (०.८ प्रतिशत) विनियोजन गरिएको छ, जुन बजेट अघिल्लो आर्थिक वर्ष ०८१/८२ भन्दा एक अर्ब ८५ लाख ७६ हजार कम हो। अघिल्लो आवको गण्डकी बजेट ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रहेको थियो।

गण्डकीका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले जनसंख्या, उत्पादन र पर्यटनलाई केन्द्रमा राखेर पूर्वाधार विकासलाई जोड दिने गरी कार्यक्रम छनोट गरिने बताए। हाल प्रदेशले लिँदै आएको राजस्व संकलनमा कडाइ गर्ने गरी सरकार अघि बढ्ने उनले बताए। रकम विनियोजन गर्दा बहुवर्षीय योजनालाई पहिलो प्राथमिकतामा राखिने मन्त्री शेरचनले बताए। प्रदेशको आन्तरिक आम्दानीसँगै संघ सरकारबाट प्राप्त हुने रकम घटेकाले प्रदेशको बजेटसमेत घटेको बताउँदै शेरचनले आउँदो वर्षदेखि आन्तरिक आए बढाउने गरी बजेट आउने बताए।

मन्त्रालयका सचिव डा. टोकराज पाण्डेले नीति तथा योजना आयोग र प्रदेशको अर्थ मन्त्रालयले सरोकारवालासँग छलफल एवं सुझाव संकलन गरिरहेको जानकारी दिए।



सेबोन अध्यक्षको सर्टलिस्टमा चारजना

काठमाडौं/ नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्षको छनोट प्रक्रियामा चारजना उम्मेदवार अन्तर्वार्ताको चरणमा पुगेका छन्। धितोपत्र बोर्ड अध्यक्ष सिफारिस समितिले अन्तर्वार्ताका लागि प्रतिस्पर्धाका आधारमा डा. नवराज अधिकारी, विनयदेव आचार्य, मुकुन्दकुमार क्षेत्री र डा. गोपालप्रसाद भट्ट छनोटमा परेका हुन्।

गत १५ वैशाखमा इच्छुक व्यक्तिहरूको व्यक्तिगत विवरण माग गरिएको र तोकिएको म्यादभित्र ४७ जना आकांक्षीले व्यक्तिगत विवरण पेस गरेका थिए। सूचीमा नाम समावेश भएका व्यक्तिसँग सिफारिस समितिले छलफल गर्ने जनाएको छ। धितोपत्र बोर्ड अध्यक्ष पद केही समयदेखि रिक्त रहँदै आएकोमा यसपटक सरकारले समिति गठन गरी खुला प्रतिस्पर्धात्मक प्रक्रियाबाट नियुक्ति गर्न लागेको हो।

शार्प बचत तथा ऋण सहकारी संस्था लि.
थापाथली, काठमाडौं, फोन : ०१-४१०१५००, ९८१६८४९१७०

सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०६

आदरणिय ऋणी सेयर सदस्यज्यूहरु तपाईले उपयोग गरेका विभिन्न कर्जा शिर्षक अन्तर्गतका सम्पूर्ण कर्जा रकम र सोमा लागेको ब्याज रकम यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र संस्थामा उपस्थित भई चुक्ता गरि सहयोग गरिदिनुहुन सादर अनुरोध गर्दछौं। सो अवधिभित्र चुक्ता गर्न नआएमा राष्ट्रिय पत्रिकामा तिनपुस्ते नाम सार्वजनिक गरि प्रचलित कानून अनुसार संस्थाले आफ्नो काम कारबाही अगाडी बढाईने छ।

संचालक समिति

सच्याईएको सम्बन्धमा

मिति २०८३/०२/०४ मा "नयाँ पत्रिका राष्ट्रिय दैनिक" पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको ७ दिने धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी सूचना मुताविक कुश्मा शाखाको ऋणी कंचन सप्लायर्सको सूचना मुताविक धितो विवरणमा कि.नं. ३५८ को विवरण हटाइ निम्न विवरणहरु यथावत रहने गरी सच्याईएको व्यहोरा जानकारी गराईन्छ।

रामचन्द्र सुवेदीको नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, पिपलटारी गा.वि.स/न.पा. वडा नं. २ स्थित कि.नं. १०६९(१-३-१-१ रोपनी), कि.नं. ४९९(१-८-०-१ रोपनी), कि.नं. ६०९(०-१२-१-३ रोपनी) र कि.नं. ६१२(५-१५-३-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

आइआइडिएस अध्ययन प्रतिवेदन

नेपाल र अस्ट्रेलियाबिच दोहोरो कर उन्मुक्ति सम्झौता गर्न सुझाव

काठमाडौं/ पछिल्लो एक दशकमा अस्ट्रेलियामा नेपाली प्रवासी पाँच गुणाले बढेको देखिएको छ। सर्वांगीण विकास अध्ययन केन्द्र (आइआइडिएस)ले गरेको एक अध्ययनले अस्ट्रेलियामा नेपाली प्रवासीको संख्या सवा दुई लाखनजिक पुगेको देखाएको हो। अध्ययन प्रतिवेदनले नेपालीको संख्या उच्चदरमा बढिरहेको सन्दर्भमा दुई देशबिच सिधा हवाई सेवा र दोहोरो कर उन्मुक्ति सम्झौता गर्नसमेत सुझाएको छ।

आइआइडिएसको अध्ययनले जुलाई २०२५ सम्ममा अस्ट्रेलियामा रहेका नेपालीको संख्या दुई लाख १३ हजार पाँच सय ८० पुगेको छ। जुन सन् २०१४ को तुलनामा पाँच गुणाले बढी हो। नेपाली प्रवासी संख्या उच्चदरमा बढिरहेको सन्दर्भमा दुई देशबिच सम्बन्ध थप विस्तार गर्नुपर्नेमा अध्ययन प्रतिवदेनले जोड दिएको छ। आइआइडिएस प्रतिवेदनले औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउँदा लाग्ने शुल्क घटाउन, विदेशी लगानी भित्र्याउन एकद्वार सेवा विस्तार गर्न, व्यापार तथा लगानी विस्तारका लागि निजी क्षेत्रका संस्थाहरूको सम्बन्ध बढाउन र नेपाल-अस्ट्रेलिया आर्थिक कूटनीति बढाउनसमेत सुझाव दिएको हो।

साबल सहकारी संस्था लिमिटेड
धुम्बाराहीचोक, चक्रपथ, काठमाडौं
फोन नं. ४३७६६९५, ४३७०७२५

आवश्यकता

प्रकाशित मिति २०८३/०२/०६

यस संस्थामा रिक्त रहेको तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य र इच्छुक नेपाली नागरिकले रीतपूर्वक दरखास्त फारम भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम शुल्क रु.२००/- (अक्षरेपी रु. दुई सय मात्र) लाग्नेछ।

क्र.सं.	वि.नं.	पद	तह	पद संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१.	१८२।८३	कनिष्ठ सहायक	द्वितिय	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको।

द्रष्टव्य:

१. दरखास्त दिने स्थान:- संस्थाको कार्यालय
२. दरखास्त दस्तुर:- रु.५००/- (अक्षरेपी रु. पाँच सय मात्र)
३. दरखास्त दिने अन्तिम मिति:- २०८३/०२/२० गते।
४. परीक्षाको किसिम:- लिखित परीक्षा र अन्तर्वार्ता। (लिखित परीक्षा सम्बन्धमा कार्यालयबाट पछि जानकारी गराइनेछ।)
५. उमेरको हद:- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।
६. आवेदन फारम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको लब्धांक पत्र, चारित्रिक प्रमाणपत्र र तालिम तथा सिप सम्बन्धी प्रमाणपत्र भए पेश गर्नु पर्नेछ।
७. तोकिएको प्रकृयाहरू पूरा नभएको दरखास्त फारम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन जाने दरखास्तहरूको दरखास्त दस्तुर फिर्ता हुने छैन।
८. रिक्त पदमा आवेदन पेश गर्ने उम्मेदवारले आफूसँग कम्प्यूटर सम्बन्धी तालिमको प्रमाणपत्र तथा सवारी चालक अनुमतिपत्र भएमा पेश गर्नु पर्नेछ।
९. उल्लिखित पदहरूको तलब, भत्ता तथा अन्य सुविधाको हकमा संस्थाको नियमानुसार हुनेछ।
